नेपालको पहिलो बौद्ध मासिक

# आनन्द भूमि

२०७२ श्रावण पूर्णिमा- वर्ष ४३ अंक ४
बु.सं. २५५९ ने.सं. ११३५
The Ananda Bhoomi (Year 43, Vol. 4)
A Buddhist Monthly : July/Aug 2015

*प्रमुख सल्लाहकारः*
**भिक्षु मैत्री महास्थविर (प्रमुख, आ. कु. वि.)**

*सल्लाहकार :*
**भिक्षु धर्ममूर्ति (कार्यवाहक प्रमुख, आ.कु.वि.)**

*व्यवस्थापन तथा वितरक :*
**भिक्षु पियदस्सी,** आनन्द कुटी विहार, ४२७१४२०

*व्यवस्थापन सहयोगी :* **भिक्षु सरणंकर**

*वितरण सहयोगी :* **विवेक महर्जन**

*लेखा व्यवस्थापन :* **सुरेश महर्जन,** स्वयम्भू

*आवरण चित्राकृति :* **आनन्द कुटी विहार**

*आवरण डिजाइन/भित्री सेटिङ्ग :* **विनोद महर्जन**

*कम्प्यूटर सज्जा :* **राजकुमार छुका, ख्वप**

*सम्पादन सहयोगी :* **भिक्षु अस्सजि**

*सम्पादक/प्रकाशन संयोजकः*
**कोण्डन्य**
बुद्धविहार भृकुटीमण्डप, ४२२६७०२

***वितरणार्थ सहयोगीहरुः***
बुद्धजयन्ती समारोह समिति (श्रीघः), शर्मिला श्रेष्ठ (बौद्ध वृद्धाश्रम-बनेपा), अ. इन्द्रावती, सरिता अवाले (ललितपुर), सुश्री वीणा कंसाकार (बौद्ध महिला संघ, नेपाल), सुश्री शकुन्तला प्रधान, श्रीमती केशरी वज्राचार्य, सुवर्णमुनि शाक्य (भैरहवा), विद्यादेवी शाक्य (बुटवल), याम शाक्य (वेनी), सर्जु वज्राचार्य, देवेन्द्र शाक्य (पाल्पा), कृष्णप्रसाद शाक्य (बाग्लुङ्), विजय गुरूङ् (लमजुङ्), शैनी चौधरी (पुजारी लामा) सप्तरी, उत्तममान बुद्धाचार्य, पोखरा ।

*मुद्रणः*
**आईडियल प्रिन्टिङ्ग प्रेस,** ग्वार्को, फोनः ५००७५६३
शाखा : पुल्चोक, फोन : २१२०२३५

*प्रकाशकः*
**आनन्दकुटी विहार**
आनन्द कुटी विहार, स्वयम्भू, फोनः ४२७१४२०
*का.जि.द.नं. ३४/०३४/०३५/म.क्षे.हु.नि.द.नं. ७/०६१/६२*

## बुद्धवचनामृत



**सुखो बुद्धानं उप्पादो-सुखा सद्धम्म देसना ।**
**सुखा संघस्स सामग्गी-समग्गानं तपो सुखो ॥**

Happy is the arising of a Buddha; happy is the exposition of the *Ariya* Dhamma; happy is the harmony amongst the Samgha; happy is the practice of those in harmony.

**बुद्धहरूको जन्म हुनु सुखदायक हो, सद्धर्मको उपदेश सुखदायक हो तथा एकतायुक्तहरूको तपस्या पनि सुखदायक हो ।**

**- धम्मपद, १९४**

*सम्पर्क कार्यालय*
**आनन्द भूमि**
**आनन्दकुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं ।**
**फोनः ४२७१४२०**
E-mail : anandakutivihar@gmail.com
gkondanya@gmail.com
info@anandabhoomi.com
Website: anandakutivihar.com.np
**www.anandabhoomi.com**

**वार्षिक रू. १५०/- एकप्रति रू. १५/- वार्षिक ग्राहक बनी सहयोग गरौं ।**

सम्पादकीय



# संविधानमा धर्मनिरपेक्षता ?!

नेपाली काँग्रेस, नेकपा एमाले, एमाओवादी तथा फोरम लोकतान्त्रिकले गत जेठ २५ गते १६ बुँदे सहमतिसहित छिटोभन्दा छिटो संविधान घोषणा गर्न शीर्षस्थ नेताहरूले हस्ताक्षर गरिसकेपछि नेपालको राजनीतिमा सकारात्मक एवं आशावादी किरण छाएको अधिकांशले महसुस गरेकै हुन् । जारी संविधानको मस्यौदा सम्बन्धी जनताको सुझाव समेत समेट्ने भनी श्रावण ४ र ५ गते दुई दिन जनसहभागितामूलक कार्यक्रम तर्जुमा गरिएको सबैलाई थाहा भएको कुरा हो । भनिन्छ जनताले विशेषतः शासनिक स्वरूप, संघीयता, नागरिकता, धर्म, व्यवस्थापिकाको आकार, निर्वाचन प्रणाली लगायत विषयका बारेमा सुझाएका छन् ।

जहाँसम्म धर्मको सवाल रहेको छ, वर्तमान अन्तरिम संविधानको मर्मअनुरूप नै नेपालको संविधान, २०७२ (प्रारम्भिक मस्यौदा) को धारा ४ नेपाल राज्य अन्तर्गत "नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी लोकतन्त्रात्मक, समाजवाद उन्मुख, गणतन्त्रात्मक, बहुजातीय राज्य हो, जसलाई संक्षेपमा नेपाल भनिनेछ ।" भनी उल्लेख गरिएको छ । यस धारामा उल्लेखित धर्मनिरपेक्षताबारे बहस तीब्र हुँदैछ ।

धर्मनिरपेक्षता माथि गलत बुझाई एवं गलत बहस चलाइएको छ । राज्यले कुनै धर्मलाई काखी च्यापेर एउटै मात्र धर्मलाई बढावा दिई लाद्ने प्रयत्न गर्नु राज्यको लागि हितकर र स्वस्थकर हुँदैन । वास्तवमा राज्यका निमित्त सबै धर्म बराबर, समान हुन् भने कुनै पनि नागरिकलाई धर्मको आधारमा काखा र पाखापूर्ण व्यवहार गरिनु हुन्न । राज्यको कुनै धर्म हुँदैन, यस्ले सबै धर्मप्रति समान व्यवहार गर्नु पर्छ । आज यहाँ धर्मनिरपेक्ष भएमा धर्मपरिवर्तन द्रुतगतिमा बढ्छ भन्ने अफवाह फैलाइएको छ । तर हिन्दू राष्ट्र भइरहेकै बेलामा पनि धर्म परिवर्तनका कृयाकलापलाई राज्यप्रशासनले रोक्न सकेको थिएन भने अहिले धर्मनिरपेक्ष भएमा रोक्न सकिन्छ भन्ने मानसिकता राख्नु नागरिकको मौलिक हक विरूद्ध हुन्छ या हुँदैन, राज्यले थेग्न सक्ने हो या होइन यो विचारणीय पक्ष हुन् ।

विशेषतः राजनीतिक दलका नेताहरु समेत धर्मनिरपेक्षताको विरूद्धमा, यसको विमतिमा खुलेरै बोल्न थालेका छन्, यो वास्तवमा राम्रो संकेत होइन । उहिलेदेखि नै धर्मनिरपेक्षताविरूद्ध अभियान चलाइरहेकाहरूका लागि मलजल हुने गरी स्वयं परिवर्तनकारी नेता भनाउँदाहरु समेत हाँमा हाँ थपी जुहारी मच्चाइरहेका छन् । उहाँहरूले स्पष्ट रूपमैं धार्मिक स्वतन्त्रता मात्र उल्लेख भए पुगिहाल्छ भन्ने बहस छेडिसकेका छन् भने संविधानको प्रारम्भिक मस्यौदा परिमार्जन गर्न प्रमुख दलहरु बीच विषय केन्द्रित छलफल अगाडि बढिरहेको कृयाकलापले धर्मनिरपेक्षवादीहरूलाई ठूलो धक्का लाग्ने संकेत दिएको छ । धर्मनिरपेक्षताको मुद्दा कमजोर हुने हो कि भन्ने सवाल उठिरहेको बेला सम्बन्धित धार्मिक क्षेत्रले बेलैमा सतर्कता अपनाउनु पर्ने संवेदनशील घडी हो । अत्यन्त संवेदनशील घडीमा धर्मनिरपेक्षता होइन धार्मिक स्वतन्त्रता भए पुगिहाल्छ नि ! अधिकांश हिन्दूहरू भएको मुलुकलाई पुनः हिन्दू राष्ट्र नै कायम गरिनुपर्छ आदि इत्यादि यथास्थितिवादलाई निम्त्याउन पुनरूत्थानवादीहरू समेत यही मौकामा सल्बलाउन थालेका छन्, जिम्मेवार भनाउँदाहरू, उच्च ओहदाधारीहरूले समेत विस्तारै शिर ठाडो पारी विविध इलेक्ट्रोनिक मिडियामार्फत् समेत क्याम्पिङ्ग गर्ने कसरत सुरू गर्न थालेका छन् ।

हामीलाई थाहा नै छ, नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिले निर्वाचन क्षेत्रस्तरमा श्रावण ४ र ५ गते जनताबाट आएका सम्पूर्ण रायसुझाव नछुट्ने र सकेसम्म नदोहोरिने गरी प्रतिवेदन तयार गरी सोहीअनुरूप मस्यौदा परिमार्जनपछि श्रावण महिनाकै २५ गते संविधानको घोषणा गरिने समाचार सार्वजनिक भैसकेको छ । संविधानमा धर्मनिरपेक्षता हटाई धार्मिक स्वतन्त्रता शब्दको प्रयोग गरिए के गर्ने, हिन्दू बाहुल्य धार्मिक स्वतन्त्रता भएको राज्य भनी उल्लेख गरिए के गर्ने, जसरी हुन्छ हिन्दू धर्मलाई नै राज्यले काखी च्याप्ने गरी अन्य धर्मलाई अंकुश राख्ने खालको बुँदा सहितको धारा उल्लेख गरे के गर्ने यतातिर बौद्धहरू तथा सम्पूर्ण धर्मनिरपेक्षवादीहरू कसरी अगाडि बढ्ने भन्ने जस्ता महत्वपूर्ण सवाल उठ्नु स्वाभाविक हो । धर्मनिरपेक्षविरूद्ध चारैतिर बुलन्द आवाज एवं गतिविधिका कारण धर्मनिरपेक्षताको निरन्तरतामाथि नै गम्भीर प्रहार हुने हो कि भन्ने सम्भावना रहेको कटु यथार्थताप्रति समस्त बौद्धलगायत धर्मनिरेपक्षवादीहरू गम्भीर हुनु आवश्यक छ । साथै हस्तक्षेपकारी दबाबको सामना गर्न सम्बद्ध सबैले बेलैमा उचित कदम चाल्नैपर्छ, यसका लागि बौद्ध संस्थाहरूले समयमैं ठोस कदम चाल्नु पर्छ या पर्दैन यो सोचनीय भएको छ । त्यसो त हालसालै विभिन्न बौद्ध संस्थाहरूले नेपाल धर्मनिरपेक्ष राष्ट्र नै हुनुपर्छ, संविधानको प्रस्तावनामा समेत बुद्ध-जन्मभूमि राष्ट्र नेपाल उल्लेख गरिनुपर्छ भनी सम्बन्धित क्षेत्रमा सुझाव संप्रेष गरिएको थियो, यसलाई पनि सकारात्मक नै मान्नु पर्छ भने यतिले मात्र ढुक्क भएर पुग्ने भयो ? संविधानको मस्यौदामा उल्लेखित धर्मनिरपेक्षता सुनिश्चित छ भनी हात मुसार्दै बसेमा भने हामीलाई गम्भीर धोका हुने सुनिश्चित छ, हाम्रो धर्मनिरपेक्ष अभियानमा नै तुषारापात छाउने छ, त्यसैले बेलैमा धर्मनिरपेक्षवादीहरु एकाबद्ध भई आगामी दिनमा कसरी अगाडि बढ्ने हो त्यतातिर ध्यान केन्द्रित गर्नु आजको प्रमुख आवश्यकता हो ।

# विषय–सूचि



| क्र.सं. | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | परित्राण र यसको महत्त्व | भिक्षु धर्ममूर्ति | ४ |
| २. | धार्मिक राज्य : उपलब्धि उल्टाउने खेल | बसन्त बस्नेत | ५ |
| ३. | बोधिसत्वको मनसाय जगतोहिताय | लोकबहादुर शाक्य | ८ |
| ४. | वि.सं. २००१ श्रावण १५ गते..... | भिक्षु पियदस्सी | १० |
| ५. | शुद्ध बनौं | निर्मला श्रेष्ठ | ११ |
| ६. | विश्व बौद्ध प्रतिरक्षा प्रणालीको खाँचो !? | भिक्षु आनन्द | १२ |
| ७. | कमलनयनाचार्यमाथि छानबिन गर | कान्तिपुर सम्पादकीय | १६ |
| ८. | संविधान सभामा बौद्धहरूको प्रस्ताव | कोण्डन्य | १८ |
| ९. | आस्रव क्षय जू मखुला भन्ते ? | लाभरत्न तुलाधर | २३ |
| **१०.** | **The key-note of Science in Buddha-Dharma** | **Dr. Ganesh Mali** | **24** |
| **११.** | **Bhante Ashwaghosh Continues to Serve at 89** | **Dr. Suwarn Vajracharya** | **26** |
| १२. | कहाँ छ ? | दिलबहादुर शाक्य | २८ |
| १३. | प्रेम महिमा | राज शाक्य | २८ |
| १४. | बौद्ध गतिविधि | | २९ |



# भिक्षु महासंघको जानकारी

यस वर्षको वर्षावाससम्बन्धी उपोसथ कर्म, अधिष्ठान, प्रवारणा, कथिनोत्सव आरम्भ एवं कथिनोत्सव समाप्ति बारे २०७२ श्रावण ३ गते सम्पन्न अखिल नेपाल भिक्षु महासंघको कार्यकारिणी बैठकमा निर्णय भएअनुसार निम्न उल्लेखित दिन–तालिकाअनुरूप गर्न/गराउनु हुन आज्ञानुसार जानकारीसहित सविनयपूर्वक अनुरोध गर्दछु ।

१) वर्षावास : उपोसथ कर्म - **२०७२ श्रावण १४, बिहिवार** (30th July, 2015)
२) वर्षावास : अधिष्ठान कर्म - **२०७२ श्रावण १५, शुक्रवार** (31th July, 2015)
३) वर्षावास : प्रवारणा कर्म - **२०७२ कार्तिक १०, मंगलवार** (27th October, 2015)
४) कथिनोत्सव : सुभारम्भ - **२०७२ कार्तिक ११, बुधवार** (28th October, 2015)
४) कथिनोत्सव : समाप्ति (अन्तिम) - **२०७२ मंसिर ९, बुधवार** (25th November, 2015)

उपरोक्त तालिकाअनुसार विहारका सम्बन्धित सबैलाई जानकारी संप्रेषण गर्नुभई धार्मिक विधिव्यवहार गर्न/गराउन समेत आज्ञानुसार जानकारी गराउँदछु । साधुवाद ॥

"चिरं तिट्ठतु सद्धम्मो ।"

आज्ञानुसार,
**भिक्षु कोण्डन्य, महासचिव**
**- अखिल नेपाल भिक्षु महासंघ**



# परित्राण र यसको महत्त्व

भिक्षु धर्ममूर्ति, आनन्दकुटी विहार

गौतम बुद्धले तत्कालीन समय र परिस्थितिअनुरूप आफ्नो चतुपरिषद्को आरक्षा र सुरक्षाको निम्ति मैत्रीपूर्वक देशना गर्नुभएको सिकाउनुभएको **"सुरक्षा देशना"**लाई परित्राण (परित्त) भनिन्छ । अतः परित्राण पाठ गर्ने गराउने प्रचलन बुद्धकालदेखि आजसम्म पनि बौद्ध देशहरूमा रहेको पाइन्छ । नेपालमा पनि यो प्रचलन स्थविरवादी भिक्षुहरूको आगमनसँगै बृद्धि हुँदै गइरहेको पाइन्छ ।

**"परिसमन्ततो ताय रक्खतीति परित्त"** भन्ने परिभाषा अनुसार चारैतिर आउने भय, अन्तराय, विघ्नबाधाबाट रक्षा गर्ने सुरक्षा पाठ नै **परित्त** अर्थात् **परित्राण** हो ।

त्रिपिटकमा समावेश भएका त्यस्ता विशेष सूत्रहरूको छनोट गरी छुट्टै संग्रह गरी **"महापरित्राण"** नामक पुस्तक पनि प्रकाशित भइसकेको छ । साथै **"परित्राण"** को पुस्तक पनि प्रकाशनमा आएका छन् ।

जीवनमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा भय अन्तराय, विघ्नबाधा, रोग व्याधि आदि उत्पन्न भइरहने हुन्छ । ती सृजित समस्याहरूको धार्मिकरूपमा निराकारण, समाधान वा न्यूनीकरण गर्नु गराउनुलाई नै **"परित्राण/महापरित्राण पाठ"** गर्ने भनिन्छ । साथै उत्पन्न नभएका त्यस्ता समस्याहरूको उत्पन्न नै हुन नदिन **"आयु आरोग्यता"** कायम राखिराख्न पनि परित्राण, महापरित्राण पाठ गर्ने गराउने गरिन्छ । अतः शुभ आशीर्वाद वा शुभकामना व्यक्त गर्न पनि यो परित्राण/महापरित्राण पाठ गर्ने गराउने गरिन्छ ।

परित्राण बुद्ध-वचन भएकोले यसमा बुद्धको सत्यता, करूणा र मैत्री रहेको हुन्छ । त्यही सत्य, करूणा र मैत्रीको आनुभावले भयअन्तरायबाट आरक्षा सुरक्षा प्रदान गर्दछ । अतः प्रत्येक सूत्र-पाठको अन्त्यमा **"एतेन सच्च वज्जेन सोत्थि ते होतु सब्बदा** अर्थात् **यस सत्यवचनको प्रभावले तपाईंको सदा स्वस्ति/शान्ति होस्"** भनी कामना गरिन्छ, यसलाई धार्मिक महत्त्व र आधारको रूपमा लिन सकिन्छ ।

पाठ गर्नुलाई **"सज्झायना"** भनिन्छ । अतः सज्झायना गर्दा जुन जुन शब्द उच्चारण हुन्छ, तब उक्त उच्चारणले प्रष्फुटन प्रसारण गर्ने शब्द तरंगले **"शक्ति"** उत्पन्न गर्दछ । त्यही प्रसारित शक्तिले हाम्रा वरिपरि भएका र हाम्रो शरीरभित्र रहेका नराम्रा **"नेगेटिभ"** तरंगहरूलाई दमन गर्दछ, हटाउँदछ, समाहित गर्दछ । । जसले हामीमा सुखानुभूति हुन्छ । यसलाई परित्राणको वैज्ञानिक आधार वा महत्त्वको रूपमा लिइन्छ ।

समाजमा रहँदा सामाजिक जीवन यापन गर्नुपर्ने हुन्छ । सबैमा सद्भाव, समभाव र मैत्रीभावको विकास गर्नुपर्ने हुन्छ । परित्राणले उक्त **"सुपरिस्थिति"** सृजना गर्न र कायम गराउन सहयोगी भूमिका निर्वाह गर्दछ । परस्पर मैत्री र सद्भाव राखी उपकारी भई जीवन यापन गर्नाले आफू सुरक्षित हुनुका साथै अन्यलाई पनि रक्षा गर्ने हुन्छ, जसलाई सामाजिक महत्त्व वा आधारको रूपमा लिइन्छ ।

परित्राण-पाठ गर्ने गराउने प्रचलन **"धर्मसंस्कृति"**भित्र पर्न आउँदछ । संस्कृति धर्मको एक अभिन्न अंग हुन आउँदछ, यो सामूहिक कार्य हो । यसले समाजमा समान विधि-व्यवहारको साथै मेलमिलापको वातावरण अनि परस्पर सहयोग वा उपकारी हुने वातावरण सृजना गर्दछ । जसलाई साँस्कृतिक आधार वा महत्त्वको रूपमा लिइन्छ ।

भवतु सब्ब मंगलं ।

यस अङ्क



गताङ्कमा



आनन्द भूमि

पढौं पढाऔं, समयमैं वार्षिक ग्राहक बनौं

आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं, फोनः ४२७१४२०

E-mail : anandakutivihar@gmail.com, anandakutivihar@ntc.net.np
gkondanya@gmail.com, kondanya@soon.com



# धार्मिक राज्य : उपलब्धि उल्टाउने खेल

✍ बसन्त बस्नेत

आधुनिक समाजका लागि धर्म कुनै वादविवादको मुद्दा नै होइन । यो विशुद्ध व्यक्तिगत छनोटको विषय हो । तर नेपाली इतिहासको सर्वाधिक ठूलो शान्तिपूर्ण लोकतान्त्रिक क्रान्ति हाँकेर २०६३ जेठ ४ गते पुनस्स्थापित संसदमा पुगेका कांग्रेस र एमालेका केही नेताहरू नै हिजोआज **"धर्म"** का नाममा जारी शाब्दिक होहल्लाबाट दिग्भ्रमित हुनथालेपछि यसबारे केही लेख्नैपर्ने भयो ।

**"धर्मनिरपेक्षता"** माथि उठेका आशंका र प्रश्नबारे चर्चा गर्नु पहिले एमाले अध्यक्ष केपी ओलीलाई आफ्नो मार्गदर्शक सिद्धान्त जनताको बहुदलीय जनवाद (जबज) र पछिल्ला दुई महाधिवेशनबाट पारित दस्तावेज फेरि पल्टाउन आग्रह गर्छु । कमरेड ओलीले नै यो पढ्न किन आवश्यक छ भने उनी यतिखेर धर्मनिरपेक्ष राज्य हुन नहुने तर्क गरिरहेका छन् । यही भाद्र ६ गते बुधबार बीबीसीलाई अन्तर्वार्ता दिँदै उनले **"धर्मनिरपेक्षता"** शब्द गलत अनुवादवश आएको समेत दाबी गरे । मदन भण्डारीद्वारा प्रस्तावित र २०४९ माघमा एमालेको पाँचौं महाधिवेशनबाट पारित **"जबज"**को "नेपाली क्रान्तिको वर्तमान कार्यक्रम" भागको 'राज्यव्यवस्था' खण्डको तेस्रो बुँदामा लेखिएको छ, **"नेपाललाई स्वतन्त्र, सार्वभौम, धर्मनिरपेक्ष जनताको गणतन्त्र घोषित गरिनेछ ।"** त्यसै सिद्धान्तको 'जाति, धर्म र भाषाको सम्बन्धमा' खण्डको पहिलो बुँदामा लेखिएको छ, **"कुनै पनि धर्मको एकाधिकारलाई अन्त्य गरी सबैलाई धार्मिक स्वतन्त्रता र समानता प्रदान गरिनेछ ।"**

माथिल्ला पंक्तिका दुई पक्ष छन्- एक, हिन्दु राजतन्त्रकै पालामा पारित उक्त दस्तावेजले धर्म निरपेक्षतासहित गणतन्त्रको वकालत गरेको छ । दुई, नेपालमा धर्मविशेषको एकाधिकार रहेको सकार्दै त्यसलाई अन्त्य गर्ने, सबैलाई धार्मिक स्वतन्त्रता दिइने प्रतिबद्धता व्यक्त गरेको छ । यो इतिहास किन सम्झाउन आवश्यक भयो भने अहिले धर्मनिरपेक्षताको सर्वाधिक विरोधमा राजावादी राप्रपा नेपालपछि प्रगतिशील एमाले र लोकतान्त्रिक कांग्रेसका नेताहरू नै देखिन्छन् ।

कांग्रेसका नेता-कार्यकर्तालाई पनि सम्झाइहालौं- बीपी कोइरालाबाट प्रस्तावित र ०१२ सालमा वीरगन्ज महाधिवेशनबाट पारित दस्तावेजको "राजनीतिक व्यवस्था' भन्ने खण्डमा उल्लेख छ, 'संविधानमार्फत् नेपालमा जाति, धर्म (पन्थ) एवं लिंगभेदबाट निरपेक्ष सबै नागरिकलाई केही मूलभूत नागरिक एवं राजनीतिक अधिकार अवश्य प्रदान गरिनेछ ।" उनै बीपीले १९६० जून ६ तारिखमा पत्रकार अनिरूद्ध गुप्तालाई अन्तर्वार्ता दिँदै भनेका छन्, "नेपाली कांग्रेस धर्मलाई नमान्ने पार्टी हो । विरोधीले यस कुराको निकै उपयोग गरे । धर्म नमान्ने व्यक्तिका रूपमा म नै आक्रमणको तारो थिएँ । तपाईंलाई थाहा छ, म बाहुन भएर पनि जनै लगाउँदिन ।" (राजनीतिक अभिलेख, पृष्ठ १३३, सम्पादक : प्रदीप गिरि) ।

बीपी धर्मका विरोधी थिएनन्, उनी केवल त्यसलाई मान्दैनथे । धर्म मान्न पाउने मानिसको स्वतन्त्रताको उनी बिलकुलै सम्मान गर्थे । उनले भनेझैं धर्मनिरपेक्ष हुनु भनेको निश्चित धर्मविशेषको, सिधै भन्दा हिन्दुधर्मको विरोध गर्नु होइन भन्ने प्रस्ट्याउँदै यो बहसलाई अघि बढाउँ ।

पहिलो, हिन्दुराज्यवादी र धर्मनिरपेक्षता विरोधीहरू भन्छन्-

**– अहिले धर्मनिरपेक्षताको सर्वाधिक विरोधमा राजावादी राप्रपा नेपालपछि प्रगतिशील एमाले र लोकतान्त्रिक कांग्रेसका नेताहरू नै देखिन्छन् ।**

**– जबर्जस्ती, प्रलोभन देखाएर धर्म परिवर्तन गराउनु गैरकानुनी हो भनी हिजो पनि संविधानमा परिभाषित थियो, भावी संविधानको मस्यौदामा पनि उल्लेख छ । तर राज्य आफ्नो थैलो बाँध्दैन, अरूलाई चोरदोष मात्रै लगाउँछ भने खोट उपल्ला निकायको अकर्मण्यतामा पनि छ ।**

यो माओवादी र 'आईएनजीओ'ले उठाएको नारा हो । तथ्य के हो भने यससम्बन्धी पहिलो संवैधानिक-कानुनी निर्णय जनआन्दोलनपछि पुनस्स्थापित संसदले लिएको थियो, जसमा कांग्रेस, एमालेलगायत दलहरू थिए । बरू त्यो संसदको माओवादीले विरोध गरेको थियो । ऊ समेत सहभागी भएपछि ०६३ सालमै पछि व्यवस्थापिका-संसद बनाइएको हो । केही बुद्धिजीवीले दाबी गरेझैं धर्मनिरपेक्ष षड्यन्त्रमूलक ढंगले सभामुख सुवास नेम्वाङले छिराएको बुँदा होइन, दलहरूको पूर्वप्रतिबद्धता र सहमति बमोजिम संसदमा छिरेको एजेन्डा हो । आईएनजीओमध्ये कुनै संस्था धर्म, जाति, क्षेत्रमा लक्षित भएर सक्रिय छ भने त्यो राज्यको अनुगमनभित्र पर्ने विषय हो ।

दोस्रो, उनीहरु भन्छन्- धर्मनिरपेक्षता जनआन्दोलनको एजेन्डै थिएन । एजेन्डा हुन्थ्यो भने सडकमा नारा सुनिनुपर्ने उनीहरूको जिकिर छ । सडककै नारा कार्यान्वयन गर्नुपर्ने माग हो भने आन्दोलनको खास नारा त राजा-युवराजलाई फाँसी दिनुपर्ने, उनीहरूले देश छाड्नुपर्ने थियो । सडकको आवेगलाई निर्वाचित जनप्रतिनिधिले यथोचित् भाषा दिए । परिणाम के भयो, हामी सबैलाई थाहा छ । आन्दोलनले संसद र संविधानसभा हुँदै राजामात्रै फालेन, राज्यधर्मका रूपमा अपनाइँदै आएको हिन्दुधर्म, एक भाषा एक भेषलगायत एकात्मक राज्यका चरित्र जनाउने अधिकांश प्रावधान खारेज गरिदियो । सहभागितामूलक, समावेशी शासन प्रणालीको संकल्प गऱ्यो ।

तेस्रो, हिन्दूराज्य पक्षधर भन्छन्- धर्मनिरपेक्ष हुनु भनेको धर्म परिवर्तनलाई छुट दिनु हो, खासगरी इसाइकरण गर्नु हो । तथ्य के हो भने जुन बेला नेपालमा इसाई बढे, त्यसबेला नेपाल हिन्दुराजतन्त्र नै थियो । गणतन्त्रपछि पनि इसाई धर्मावलम्बी बढेको सत्य हो । तर जबर्जस्ती धर्म परिवर्तन रोक्ने जिम्मा अरू कसैको नभएर राज्यकै इकाइको हो । राज्यको काम आफू केही नगर्ने, आफ्नै नागरिकहरूमाथि शंका गरेर बस्ने हो? इसाई धर्मविशेष मान्नेहरूको राष्ट्रियतामाथि आज शंका गरेर हुँदैन । नेपाल राज्य निर्माणताकादेखि नै यहीं बसिरहेका अल्पसंख्यक इसाई नेपालीहरूको भावनाचाहिँ केही होइनझैं प्रस्तुत हुने छुट कसैलाई छैन । जबर्जस्ती, प्रलोभन देखाएर धर्म परिवर्तन गराउनु गैरकानुनी हो भनी हिजो पनि संविधानमा परिभाषित थियो, भावी संविधानको मस्यौदामा पनि उल्लेख छ । तर राज्य आफ्नो थैलो बाँध्दैन, अरूलाई चोरदोष मात्रै लगाउँछ भने खोट उपल्ला निकायको अकर्मण्यतामा पनि छ ।

चौथो, हिन्दुराज्य पक्षधर भन्छन्- हिन्दुराज्य भएर अरूलाई

**– जनगणना लगायत तथ्यांक संकलनका क्रममा अधिकांश गणकहरू बाहुन र क्षत्री जातिका शिक्षक हुने गर्छन् । निरक्षर जनजातिको तथ्यांक फारम भर्दा उनीहरूमध्ये अधिकांशले निश्चित तथ्यांकबाहेक धर्मलगायत महल आफैं भरिदिन्छन् । निरक्षर जनजाति, जो किरात, बौद्ध, प्राकृत धर्म मान्छन्, आफ्नो धर्म के लेखियो थाहै पाउँदैनन्, र 'हिन्दु' बन्न पुग्छन् । उनीहरूले हिन्दुधर्मबाट अलग हुनचाहे भने पाउने कि नपाउने? मस्यौदामा 'अलग हुन पाउने' लेखिएको छ, तर जनमत संकलनका क्रममा यसको तीव्र विरोध भएको छ । विरोध गर्नेमा मुख्य दलकै नेताहरू पनि छन् । उनीहरूलाई इसाइकरण भएकामा त्यत्रो फिक्री रहेछ, अरू धर्मावलम्बीको हिन्दुकरण भएकामा चाहिँ किन मौन?**

के फरक परेको थियो? तथ्य के हो भने इलाम-पाँचथर सिमानामा पर्ने यो पंक्तिकारको बस्ती वरपर लिम्बु, मगर, तामाङ, राई, भूजेल, गुरूङलगायत बसोबास गर्छन् । जनगणना लगायत तथ्यांक संकलनका क्रममा अधिकांश गणकहरू बाहुन र क्षत्री जातिका शिक्षक हुने गर्छन् । निरक्षर जनजातिको तथ्यांक फारम भर्दा उनीहरूमध्ये अधिकांशले निश्चित तथ्यांकबाहेक धर्मलगायत महल आफैं भरिदिन्छन् । निरक्षर जनजाति, जो किरात, बौद्ध, प्राकृत धर्म मान्छन्, आफ्नो धर्म के लेखियो थाहै पाउँदैनन्, र "हिन्दु" बन्न पुग्छन् । उनीहरूले हिन्दुधर्मबाट अलग हुनचाहे भने पाउने कि नपाउने? मस्यौदामा 'अलग हुन पाउने' लेखिएको छ, तर जनमत संकलनका क्रममा यसको तीब्र विरोध भएको छ । विरोध गर्नेमा मुख्य दलकै नेताहरू पनि छन् । उनीहरूलाई इसाइकरण भएकामा त्यत्रो फिक्री रहेछ, अरू धर्मावलम्बीको हिन्दुकरण भएकामा चाहिँ किन मौन?

पाँचौं, हिन्दु पक्षधर भन्छन्- हिन्दुराज्य नेपालको पहिचान हो । तथ्य के हो भने उनीहरू नेपालभित्रै अलगाव भोगिरहेका जाति, भाषा, ऐतिहासिक क्षेत्रविशेषको इतिहास सम्मान गर्दै बहुपहिचानको राज्य बनाउन ठाडै अस्वीकार गर्छन्, अनि बहुपहिचान भएका नागरिकहरू बस्ने देशको पहिचान भने हिन्दु हुनुपर्ने अमिल्दो माग गर्दैछन् । अनि उनीहरू नै तर्क गर्छन्, "राज्यको धर्म नहुने, अनि जातचाहिँ हुने?" मस्यौदाको धारा ३ मा "**राष्ट्र बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक**

**विशेषतायुक्त हुने**" स्वीकार गरिएको छ । त्यसै भागको धारा ४ मा उल्लेख छ, "**नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी लोकतन्त्रात्मक, समाजवाद उन्मुख, गणतन्त्रात्मक, बहुजातीय राज्य हो, जसलाई संक्षेपमा नेपाल भनिनेछ** ।" केही मानिसहरूले "**राष्ट्र**" र "**राज्य**" को भेद नबुझेर बहसलाई धर्म र जातमा ठोक्काएका छन् ।

संविधानसभामार्फत् नेपालीहरूले पहिलोपल्ट आफ्नो मूल कानुन बनाउने सात दशकको सपना कार्यान्वयन गर्दैगर्दा इतिहासबाट परित्यक्त केही व्यक्तिहरू जन्मसिद्ध खाइपाई आएको राज्यको सुखसुविधा फर्काउन धर्मजस्तो 'ननइस्यु' लाई यही नै सबथोक हो भैं गरी हल्लाखल्ला गरिरहेका छन् । तिनका अगाडि भावी संविधानमा छलफल हुनैपर्ने विषयसमेत छाया पर्नथालेको पछिल्ला दुई दिनका जनमत संकलनका दृश्यावलीबाट पुष्टि हुनगयो । यो कोलाहल यति 'हाई डेबिसल'को छ कि ज्यान फालेर जनआन्दोलनमा लागेको एउटा तप्कासमेत हिजो आफूमाथि गोली दाग्न निर्देशन दिनेहरूलाई पुनःस्थापित गर्न नजानिँदो पाराले दुरूपयोग हुने खतरा बढेको छ । यसैले धर्मको विषयमा सही ढंगले छलफल चलाउन ढिलो नहुँदै स्वस्थ र आलोचनात्मक विमर्श गर्न अघि सर्नुपर्ने अवस्था देखापरेको छ ।

धर्मनिरपेक्ष राज्यले कुनै धर्मविशेषलाई प्रोत्साहन गर्दैन, तर नागरिकको धार्मिक आस्था मान्न पाउने अधिकार सुनिश्चित गर्छ । कुनै पनि नागरिक धर्म मान्न, नमान्न उत्तिकै अधिकार राख्छ भन्ने मर्मअनुसार धर्मनिरपेक्षता आएको हो । यहाँ हिन्दुको जात्रापर्व विशेषदेखि अरू धर्मावलम्बीहरूको तीर्थयात्रा समेतको खर्च राज्यले बेहोर्ने प्रथा हटेको छैन । धर्मकर्ममा ढुकुटी छर्दै हिँड्नु राज्यको दायित्व होइन । गणतन्त्रका राष्ट्रपतिदेखि संवैधानिक निकायका प्रमुखहरूको चालचलनमा उदारता अपेक्षित छ । हिन्दु राजाभैं हिँड्नु उनीहरूको कर्तव्य होइन ।

अहिले नेतृत्वमा बसेकाहरू धर्मनिरपेक्षता विरोधी आवाज झेल्न सक्ने हैसियतमा छैनन् । त्यसैले उनीहरू भन्दैछन्, "**धर्मनिरपेक्षताले लफडा गऱ्यो, धार्मिक स्वतन्त्रता भनिदिऔं ।**" त्यसो गर्नु भनेको जनआन्दोलन लगायत विभिन्न जाति, वर्ग, सम्प्रदाय र भूगोलका नागरिकका संघर्षको भावनामाथि अपमान हो । त्यसले अर्को विद्रोहलाई निम्ता दिन्छ । अर्काथरी भन्दैछन्, धर्मबारे संविधानमा चर्चै नगरौं । यो अर्को सजिलो तरिका हो । तर सावधानीपूर्वक छलफल अघि बढाइनुपर्छ । राज्यको चरित्र कस्तो थियो र कस्तो हुनेछ भन्ने फेरि पनि बहसको विषय हुनेछ । इतिहासबाट कोही भाग्न सक्दैन ।

**– धर्मको विषयमा सही ढंगले छलफल चलाउन ढिलो नहुँदै स्वस्थ र आलोचनात्मक विमर्श गर्न अघि सर्नुपर्ने अवस्था देखापरेको छ ।**

**धर्मनिरपेक्ष राज्यले कुनै धर्मविशेषलाई प्रोत्साहन गर्दैन, तर नागरिकको धार्मिक आस्था मान्न पाउने अधिकार सुनिश्चित गर्छ । कुनै पनि नागरिक धर्म मान्न, नमान्न उत्तिकै अधिकार राख्छ भन्ने मर्मअनुसार धर्मनिरपेक्षता आएको हो ।**

**– अहिले नेतृत्वमा बसेकाहरू धर्मनिरपेक्षता विरोधी आवाज झेल्न सक्ने हैसियतमा छैनन् । त्यसैले उनीहरू भन्दैछन्, "धर्मनिरपेक्षताले लफडा गऱ्यो, धार्मिक स्वतन्त्रता भनिदिऔं ।"**

राज्यको कानुन धज्जी उडाउँदै वनजंगल कब्जा गर्दै हिँड्ने स्वामी कमलनयनाचार्य अखबारमा विज्ञापन छाप्दै खुला रूपमा "**धर्मयुद्ध**" आह्वान गर्दैछन् । उनीजस्ता 'स्वामी'लाई यो साहस यत्तिकै आइरहेको छैन । बहुदलीय प्रजातन्त्रकालमा गन्हाएका भ्रष्ट अनुहारहरू आज सत्तामा पुनःस्थापित हुन धर्मलाई सहारा बनाउँदैछन् । यिनीहरूको साथमा एक दशकयता नेपाली समाजले हात पारेका परिवर्तनप्रति असन्तुष्ट समूहमात्रै देखिन्न, यिनै परिवर्तनका संवाहक भन्ने नेतासमेत छन् । यस्तोमा नागरिकहरूले झन् सचेत भएर आफ्ना अभिमतहरू जाहेर गर्नुपर्ने अवस्था छ ।

संविधानसभामार्फत् नागरिक अधिकारका धारा–उपधारामाथि जमेर बहस हुनुपर्ने बेला मुख्य विषय छाया पार्नेगरी धर्मलाई केन्द्रीय विषय बनाउनेहरू परिवर्तन उल्टाउने खतरनाक खेलमा छन् । आम नागरिकहरू उनीहरूको राजनीतिक अभीष्टभित्र फँस्नु हुँदैन । तपाईं–हाम्रो जातीय, धार्मिक, ऐतिहासिक, भौगोलिक सबै पहिचानको रक्षा यो संविधानले गर्नसकोस् भन्नेमा जोड हुनु आवश्यक छ । याद गरौं, नेपाल समृद्ध भए, सबै नेपालीहरूले राज्यबाट समान अवसर पाएर अघि बढ्नसके नेपालको पहिचान विश्वसामु तिनीहरूले चम्काउनेछन् । कुनै राजा, देउता, नेता वा धर्म सम्प्रदाय विशेषका कारणले राज्यको सुनाम हुने भए आज नेपाल यति गरिब र असहाय भएर विश्व मानचित्रको कुनामा लुकिरहेको हुँदैनथ्यो ।



# बोधिसत्वको मनसाय जगतोहिताय

✍ लोकबहादुर शाक्य

युक्ति र आगमबाट राम्रोसँग केलाएर हेर्ने हो भने सर्वधर्म अनुपलम्भ बाहेक अरूबाट क्लेश नाश हुने सम्भावना छैन । जबसम्म वस्तुसत्ताप्रतिको ग्राह रहिरहन्छ तबसम्म विकल्प र प्रपञ्चहरू हट्दैनन् । विकल्प एवं प्रपञ्चहरू रहेसम्म क्लेश हट्दैनन् । अनि क्लेश नहटेपछि कर्म नहट्ने भएकोले भवचक्र चालु भइरहन्छ । शून्यता या अनुपलम्भदृष्टि नै अविद्याको विरोधी धर्म भएकोले त्यो बाहेक अरूले अविद्यालाई काट्न सक्दैन । चार आर्यसत्यहरूलाई लोकोत्तर प्रज्ञाबाट साक्षात्कार गर्ने हो भने अविद्याको प्रहाण हुन्छ । अविद्याको प्रहाण भएपछि संस्कारहरूको निरोध हुन्छ । संस्कारको निरोधबाट विज्ञानको निरोध हुन्छ । यसैगरी द्वादशांग प्रतीत्यसमुत्पादको क्रमशः निरोध हुँदै तृष्णाको पनि निरोध हुन्छ । यी दुबै प्रहाण भएपछि कर्महरू बाँकी भए पनि फल दिन नसक्ने हुन्छन् ।

अज्ञान दुई प्रकारका हुन्छन् । एउटा क्लिष्ट अर्थात् क्लेशहरूले युक्त अज्ञान र अर्को क्लेशहरूबाट मुक्त अज्ञान, राग, द्वेष, सत्कायदृष्टि जस्ता क्लेशहरूको कारणले संसारमा भ्रमण गरिरहनुपर्ने हुन्छ र यिनीहरू नै निर्वाणको सुख लाभ गर्न नदिने तत्त्व हुन् । त्यसकारण जबसम्म चित्तसन्तानमा यी क्लेशहरू रहन्छन्, तबसम्म निर्वाण लाभ गर्न सकिन्दैन । यहाँ यस कुराको पनि चिन्तन गर्नु पर्दछ कि क्लेशहरू नभए पनि एक प्रकारको अज्ञान त बाँकी नै हुन्छ, जसले गर्दा ज्ञेय आवरण अर्थात् वस्तुसत्ताग्राह (या उपलम्भदृष्टि) कायम हुन्छ । त्यही अज्ञानले गर्दा सर्वज्ञता प्राप्त गर्नसक्दैनन् । यही सुक्षम अज्ञानको आवरण (ज्ञेय-आवरण) विद्यमान हुने भएकोले ज्ञान सर्वत्र अव्याहत, सर्वत्रअनाशक्त र सर्वत्र अप्रतिहत हुन पाउँदैन । त्यसैले गर्दा कायवैगुण्य, वाग्वैगुण्य र वुद्धिवैगुण्य भएको देखिन्छ ।

वेदनाप्रत्यय तृष्णा हो अर्थात् वेदनाभएमा तृष्ण हुन्छ र अर्हतहरूमा पनि वेदना त हुन्छ । त्यसैले तृष्णा उत्पन्न नहोला भन्न सकिन्न । प्रतीत्यसमुत्पादको नियम नै यही हो कि स्पर्शभए वेदना भइहाल्छ, वेदना भए तृष्णा आइहाल्छ । यसमा वैभाषिक भन्छन् कि अविद्यालाई नाश गरिसकेको योगीमा त तृष्णा उत्पन्न हुँदैन । अनि माध्यमिक भन्छन् त्यो

**- सिद्धान्ततः चित्तमा वस्तु ग्राह भएसम्म अविद्याको नाश हुँदैन । यथार्थ धर्मको बोध गरेर चित्तलाई निर्मल पारी कुशलकर्म गर्न अनिवार्य छ । आफू मात्र तरेर जानुभन्दा लोकजनलाई सेवा गर्ने दृष्टिकोण अति महत्त्वपूर्ण छ, बोधिसत्त्वहरूले यस्तो भावना राखेर संसारमा रहेर लोककल्याण कार्यमा तनमन धनले सेवारत हुने कुरा सर्वश्रेष्ठ जीवनको उपयुक्त कदम भयो ।**

मिल्दैन किनभने त्यहाँ त चित्तलाई आलम्बन दिएर यत्रतत्र राखिराख्नु पर्छ । चार आर्यसत्य भावनामा पनि चित्त जहाँ जहाँ पुग्छ, त्यहाँ त्यहाँको आलम्बनले युक्त हुन्छ । त्यसकारण त्यस किसिमको भावनामा चित्त अनालम्बन हुँदैन । जबसम्म चित्तमा त्यस्तो भावाभिनिवेश (वस्तुग्राह) हुन्छ तबसम्म अविद्याको नाश भएको हुँदैन । मनमा क्लेशरहित तृष्णा हुन्छ भन्ने नमानेपनि शून्यताज्ञान नहुने भएकोले तृष्णाको अभाव हुने सम्भावना हुँदैन । वस्तुहरूको अस्तित्वप्रतिको ग्राहले गर्दा शून्यताज्ञान हुन सक्दैन । त्यो नभए चित्त कतैनकतै आसक्त भइरहेकै हुन्छ । त्यस अवस्थामा निर्वाण पनि साक्षात्कार हुन सक्तैन ।

शून्यताविना चित्त मुक्त हुँदैन र केही समयसम्म निरूद्ध भयो अथवा मुक्त भयो भने पनि फेरि बन्धनसहित भएर उत्पन्न हुन्छ । जस्तै कि असंजि समापत्तिमा पनि चित्त चैतसिकको निरोध भएर पनि फेरि चित्त बुद्ध अवस्थामै उत्पन्न हुनपुग्छ । त्यसकारण शून्यताको भावना गर्नुपर्छ । यसको आशय के हो भने जबसम्म आलम्बन अर्थात् ज्ञेयको शून्यताको बोध हुँदैन अथवा सम्पूर्ण धर्महरूको निःस्वभावताको बोध हुँदैन तबसम्म चित्त अनासक्त अर्थात् बन्धनमुक्त भएको हुँदैन, त्यसैले उत्पन्न हुँदाखेरि बन्धनसहितको चित्त उत्पन्न भइरहन्छ । यसको दृष्टान्त पनि छ जस्तै असंजिसमापत्ति । यो एक प्रकारको समाधि हो, जसमा स्थित हुँदाखेरि चित्त, चैतसिक सबै निरूद्ध भएका हुन्छन्, परन्तु समापत्तिबाट उठ्ने वित्तिकै

फेरि जस्ताकोतस्तै प्रवृत्त हुन्छन् । त्यसकारण त्यसबाट बन्धनको क्षय भएको हुँदैन ।

शक्ति भनेको आसक्ति हो र त्रास भनेको डर हो । सामान्य अज्ञानी बालजनहरूको विषय र सांसारिक भोगविलासप्रति आसक्ति हुन्छ । शक्ति भन्नाले शाश्वत अन्तलाई बुझिन्छ किनकि यो नै आसक्तिको मूल आधार हो । त्यस्तै सन्त्रास भन्नाले उच्छेदान्तलाई बुझिन्छ किनकि यो नै भय अर्थात् डरको मूल आधार हो । शाश्वत अन्तलाई समात्ने दृष्टिले गर्दा संसारप्रति आसक्ति हुन्छ । वास्तवमा माध्यमिकहरूको दृष्टिमा बस्तुहरूको स्वभावसिद्ध सत्तालाई देख्नु शाश्वतान्त या समारोप हो जसलाई परमार्थसत्यद्वारा परिहार गरिन्छ भने व्यावहारिक सत्ता नै छैन भन्ने देख्न पुग्नु उच्छेदाना या अपवाद हो, जसलाई संवृत्ति सत्यद्वारा परिहार गरिन्छ । त्यसकारण यी दुबै अन्तहरूलाई निषेध गरेर मध्यम मार्ग लाभ गर्न सकिन्छ । यी दुई अन्तको ग्राहबाट मुक्त भएपछि बोधिसत्त्व संसारमै स्थित रहन्छन् । किनकि परमार्थलाई जान्ने प्रज्ञाबाट उनीहरू संसारमा फसेका हुँदैनन् भने करूणाको कारणले उनीहरूले संसारलाई त्याग्न पनि सक्दैनन् । सांसारिक प्राणीहरूलाई दुःखबाट मुक्त गराउने उनीहरूको सङ्कल्प पूरा हुन संसारमा स्वेच्छाले रहन सक्नुपर्ने हुन्छ । सत्त्वहरू सबै सांवृत्तिक (ब्यावहारिक) रूपमा मात्र उपलब्ध हुन् । व्यवहारसत्य वास्तवमा मोह हो तापनि दुःख शान्त गराइदिनको लागि त्यति मोहलाई स्वीकार्नु नै बोधिसत्त्वको महानता हो । आचार्यले ७७ औं श्लोकमा बताउनुभएको छ कि "दुःखव्युपशमार्थ तु कार्यमोहो न वार्यते" अतः शून्यताको फल यस्तै हो अर्थात् संसारमा रहेर पनि संसारमा नफस्ने । यही नै महायानको अप्रतिष्ठित निर्वाण हो । शून्यता नभए यस्तो अवस्था हुनै सक्दैनथ्यो ।

क्लेश नाश हुने उपाय सर्वधर्म अनुपलम्भ हो । क्लेश भएसम्म कर्म हुने भएकोले भवचक्र चालु भइरहन्छ । अज्ञानले गर्दा सर्वज्ञता प्राप्त गर्न सक्दैन । वेदना भएमा तृष्णा हुन्छ । अविद्याको प्रहाण भएपछि संस्कार निरोध हुन्छ । साथै प्रतीत्यसमुत्पादको निरोध हुँदै तृष्णा निरोध हुन्छ । खास बुझ्नु पर्ने सिद्धान्ततः चित्तमा वस्तु ग्राह भएसम्म अविद्याको नाश हुँदैन । यथार्थ धर्मको बोध गरेर चित्तलाई निर्मल पारी कुशलकर्म गर्न अनिवार्य छ । आफू मात्र तरेर जानुभन्दा लोकजनलाई सेवा गर्ने दृष्टिकोण अति महत्त्वपूर्ण छ, बोधिसत्त्वहरूले यस्तो भावना राखेर संसारमा रहेर लोककल्याण कार्यमा तनमन धनले सेवारत हुने कुरा सर्वश्रेष्ठ जीवनको उपयुक्त कदम भयो ।

***(सन्दर्भश्रोतः- आर्य शान्तिदेव विरचित्त बोधिचर्यावतार । अनुवादकः नारायणप्रसाद रिजाल) ।***

# वृद्धाश्रमलाई सहयोग

दिवंगत भिक्षु सुमंगल महास्थविरबाट स्थापित तथा हाल बुद्धविहार भृकुटीमण्डपबाट संरक्षित बनेपाको बौद्ध वृद्धाश्रमलाई भौतिक पूर्वाधार, आश्रम संचालनार्थ कुनै पनि रूपमा श्रद्धालु दाताहरूबाट सहयोगको आवश्यकता रहेको छ, यहाँहरूको आर्थिक सहयोगले मात्र आश्रमलाई निरन्तरता दिन सकिने भएकाले वृद्धाश्रम सहयोगको अपेक्षा राख्दछ ।

यसैक्रममा वृद्धाश्रमका लागि सहयोग गर्ने निम्न दाताहरूलाई वृद्धाश्रमको तर्फबाट हार्दिक साधुवाद व्यक्त गर्दछ ।

१. लक्ष्मीदेवी मानन्धर, धर्मपथ रू. १०००।००
२. शंकरप्रसाद श्रेष्ठ, हात्तीगौंडा रू. १००५।००
३. बसुन्धरा मानन्धर (दि. भगवान्दासको स्मृतिमा) रू.११००।००
४. निशेष/रमिला मानन्धर रू. १००५।००
५. प्रवेश/कात्या मानन्धर रू. १०००।००
६. सविन मानन्धर रू. १०००।००
७. सुरेश मानन्धर रू. १०००।००
८. ओश्रीया मानन्धर रू. १०००।००
९. ओजश्री मानन्धर रू. २०००।००
१०. महेश मानन्धर रू. १०००।००
११. यसुना ससुना मानन्धर रू. १०००।००
१२. ससुना मानन्धर रू. २०००।००
१३. यशोधरा मानन्धर रू. १०००।००
१४. ओमनारायण मानन्धर रू. १०००।००
१५. सत्यनारायण मानन्धर, सामाखुसी रू. १०००।००
१६. सुमी मानन्धर रू. १०००।००
१७. सुभद्रा मानन्धर रू. १०००।००
१८. माधवनारायण मानन्धर रू. १०००।००
१९. लक्ष्मीदेवी मानन्धर रू. २०००।००
२०. चन्द्रबहादुर/कमला मानन्धर रू. ५०५।००

सहयोगार्थ सम्पर्कः
**अध्यक्ष, भिक्षु कोण्डन्य**
**बौद्ध वृद्धाश्रम, बनेपा**
फोनः ०११-६६२८४९, (तीन दोबाटो हुँदै नालाजाने ध्यानमार्ग)
नगर सम्पर्क : बुद्धविहार भृकुटीमण्डप
फोनः ९८५१०४६१८८, ४२२६७०२



# वि.सं. २००१ श्रावण १५ गते ........

✍ भिक्षु पियदस्सी

श्रावण १५ गते, सायद यो दिनलाई सम्झिने अहिले थोरै मात्र होलान् । मलाई पनि यसको बारेमा थाहा थिएन, लामो अन्तरालपछि राष्ट्रब्यापी हामीले परियत्ति धम्मकप बौद्ध हाजिरी जवाफ प्रतियोगिता पुनः सुरू गरेका थियौं । त्यसबेला हाजिर जवाफको लागि नियमित ग्रन्थको रूपमा रहेको प्रकाश वज्राचार्यद्वारा संकलित बौद्ध-दर्पण पुस्तक प्रथम पटक पढ्ने अवसर पाएँ । पढ्दैजाँदा एक ठाउँमा मैले नेपालको बुद्धधर्ममा कालो दिनको रूपमा श्रावण १५ गते भन्ने कुरा उल्लेख भएको देखें । यो दिनलाई किन कालो दिनको रूपमा मनाइएको भन्ने जिज्ञासा हुँदा, विक्रम संवत् २००१ सालमा जुद्ध शम्शेरले आठ जना भिक्षु-श्रामणेरहरूलाई देश निकाला गरिएको दिन रहेछ । मलाई अचम्म लाग्यो कि नेपालको बौद्ध इतिहासमा पनि यस्तो दिन रहेछ !

थेरवादी भिक्षुहरू देश निकाला गरिएको दिनलाई हामी सम्पूर्ण बौद्धहरूले सम्झिरहनु पर्दछ । तर विडम्बना यो दिन, मात्र किताबमा सीमित भएकोछ । आजसम्म कुनैपनि बौद्ध निकायले यसको सम्झनामा केही औपचारिक कार्यक्रम गरेको देखिँदैन । अरू बौद्ध संघसंस्थाहरूको त कुरै छोडौं, थेरवाद बौद्धहरूको आधिकारिक संस्था एवं विहार विहारमा भए पनि केही कार्यक्रम गर्नुपर्थ्यो, तर अहिलेसम्म पनि यस्तो कार्यक्रम गरेका छैनन् ।

गत वर्षको श्रावण १५ गते भने अनौठो संजोग भयो । सुर्खेतको काँक्रे विहारमा बुद्धमूर्ति प्रतिस्थापन गर्ने विषयमा ठूलै विवाद भयो । सम्बन्धित निकायसँग विभिन्न छलफलहरू पनि गरियो । छलफलबाट सरकारी निकाय सकारात्मक नदेखिएको हुनाले चरणबद्ध रूपमा कोण सभा तथा सडक सभा पनि गर्नुपर्ने अवस्था उत्पन्न भयो । अन्तमा सुर्खेतको विवाद काठमाडौंको सिंहदरवारसम्म आइपुग्यो । सरोकार समितिबाट विभिन्न चरणमा आन्दोलनको तयारी गरियो । तर संजोगले सिंहदरवार घेराउ गर्ने श्रावण १५ गतेकै दिन तय भयो । कुनै छलफल गरेर यो दिनमा सिंहदरवार घेराउ गर्ने भन्ने पूर्व समझदारी भएको थिएन । नेपालको इतिहासमा प्रथम पटक बौद्धहरूले सिंहदरबार घेराउ गरे र सफल पनि भए । सिंहदरवार घेराउ गर्दा पनि २००१ सालको घटनालाई सबैले सम्झेका थिए र प्रायजसो भाषण गर्ने सबै वक्ताहरूले पनि उक्त कुरा दोहऱ्याइरहेका थिए ।

**नेपालको बुद्धधर्ममा कालो दिनको रूपमा श्रावण १५ गते भन्ने कुरा उल्लेख भएको देखें । यो दिनलाई किन कालो दिनको रूपमा मनाइएको भन्ने जिज्ञासा हुँदा, विक्रम संवत् २००१ सालमा जुद्ध शम्शेरले आठ जना भिक्षु-श्रामणेरहरूलाई देश निकाला गरिएको दिन रहेछ ।**

**- बुद्ध जन्मेको देशमा बुद्धका अनुयायीहरूलाई देश निकाला गरिएको एउटा दुःखद् घटना थियो । यसलाई हामी सम्पूर्ण बौद्धहरूले सम्झिरहनु पर्दछ । बौद्धहरू विहार जाने, शील-प्रार्थना गर्ने, बुद्धपूजा गर्ने, धर्मदेशना सुन्ने आदि कार्यमा मात्र सीमित भएको देखिन्छ । अबको दिनमा यस्ता धार्मिक कार्य सँगसँगै अन्य गतिविधिमा पनि ध्यान जानुपर्ने अवस्था आइसकेको छ । अन्यथा कुनै दिन २००१ सालको घटना नदोहरिएला भन्न सकिन्न ।**

बुद्ध जन्मेको देशमा बुद्धका अनुयायीहरूलाई देश निकाला गरिएको एउटा दुःखद् घटना थियो । यसलाई हामी सम्पूर्ण बौद्धहरूले सम्झिरहनु पर्दछ । बौद्धहरू विहार जाने, शील-प्रार्थना गर्ने, बुद्धपूजा गर्ने, धर्मदेशना सुन्ने आदि कार्यमा मात्र सीमित भएको देखिन्छ । अबको दिनमा यस्ता धार्मिक कार्य सँगसँगै अन्य गतिविधिमा पनि ध्यान जानुपर्ने अवस्था आइसकेको छ । अन्यथा कुनै दिन २००१ सालको घटना नदोहरिएला भन्न सकिन्न । बुद्ध जन्मेको देशमा बुद्धको मूर्तिलाई प्रतिस्थापन गर्न दिँदैनन्, यहाँका भिक्षुहरूले चीवर वस्त्र लगाएर राहदानी लिन पाउँदैनन्, भिक्षु नामले नागरिकता बनाउन पाउँदैनन् । यस्ले के प्रष्ट हुन्छ भने बौद्धहरूको भविष्यका दिनहरू अवश्य पनि राम्रो हुने छाँटकाट देखिंदैन । हुन त यस्तो हुनुमा राज्यको पनि केही भूमिका हुन्छ नै, हामी बौद्धहरूले पनि बेजोड आवाज उठाउन सकेका छैनौं । जसले गर्दा यस्तो परिस्थिति श्रृजना भयो । तर बौद्धहरूलाई अहिले पनि राज्यस्तरबाट विभेद भएको देखिन्छ । इतिहास पढ्नु भनेको अतीतमा भएका घटनालाई सम्झिनका लागि पनि हो, ताकि यसबाट आजका नयाँ पिँढीले केही शिक्षा लिन सकोस् र लिनसक्नु पर्दछ । भवतु सब्ब मङ्गलं ।

## शुद्ध बनौं

– निर्मला श्रेष्ठ
(साधक, परमहंस योग सेवा)

आऊ न साथी योग गरौं
रोग भगाउन
शोक भगाउन ।
आऊ न साथी योग गरौं
दुःख भगाउन
पीर भगाउन ।
आऊ न साथी योग गरौं
दरिद्रता भगाउन
बलियो बनाउन ।
आऊ न साथी योग गरौं
क्लेश हटाउन
मर्का हटाउन ।
आऊ न साथी योग गरौं
दीर्घायु बनाउन
चीरायु बनाउन ।
आऊ न साथी योग गरौं
शुद्ध बनाउन
मुक्त बनाउन ।
आऊ न साथी योग गरौं
भव सागर तर्न
परमपदमा पुग्न ।
परमानन्द पाउन ।।


बुद्धको जन्मभूमि राष्ट्र नेपालमा सुख-शान्ति फैलिरहोस् ।
सम्पूर्ण नेपालीहरूमा धार्मिक चेतना विकास होस् ।

**राजधानी बचत तथा ऋण सहकारी संस्था लि.**
बागबजार, काठमाडौं ३१, फोन : ०१-४२१९२५२



# विश्व बौद्ध प्रतिरक्षा प्रणालीको खाँचो !?

## (Self Defence System)

✍ भिक्षु आनन्द, संघाराम (पूर्व सभासद्)

धर्मको भौतिक अस्तित्व पूर्णरूपमा व्यवस्थित र सुरक्षित नभएसम्म कुनैपनि धर्म दीर्घकालीन रूपमा चिरस्थायी हुन सक्दैन । यो धर्मको अर्को पाटो अध्यायत्मको विकास, उन्नति र प्रगति जत्तिकै महत्त्वपूर्ण हुन्छ । धर्मको भौतिक पक्ष र आध्यात्मिक पक्ष अन्योन्याश्रित र एक अर्काको परिपूरक हुन् एकको अस्तित्व विना दोश्रोको अस्तित्व छैन ।

यहाँ धर्मको भौतिक पक्ष भनेको भौतिक शरीर, समाज, देश, परिस्थिति, वातावरण क्षेत्र, भूगोल आदि हुन् । धर्म आध्यामिक भएपनि देश, काल, परिस्थितिको आवश्यकता र अनुकूलता भएमात्र व्यवहारिक रूपमा धर्म कार्यान्वयन हुनसक्छ । धर्मलाई भौतिक रूपमा जीवन्त तुल्याउने साधक भनेकै देश, काल, परिस्थितिको अनुकूलता सँगसँगै राज्य, सरकार, जनता संघ-संस्था, धार्मिक व्यक्तिहरू तथा अनुयायी पक्ष हुन् । बोधिसत्त्वको पृथ्वीमा अवतरण हुनुपूर्व उनले पञ्चमहाविलोकन अर्थात् पाँच प्रकारका अनुकूल परिस्थितिको सूक्ष्म तथा गहन निरीक्षण गर्नुभएको थियो । यहाँ पाँच अनुकूल परिस्थिति भनेकै देश, काल, परिस्थिति, माता र पिता हुन् । यी पाँचैवटा भौतिक व्यवस्थापन हो ।

जब तथागतले आफ्नो बुद्धत्वज्ञान पहिलो पटक सारनाथको मृगदावनमा पंचवर्गीय भिक्षुहरूलाई देशना गर्नुभयो, त्यहि क्षण बुद्धको अन्तरमनमा मात्र सीमित धर्म-ज्ञान भौतिकरूपमा सम्प्रेषण गर्ने ऐतिहासिक कार्यभार सिद्ध भयो । क्रमशः पाँचजना भिक्षुहरूबाट वृद्धि भइ हजारौं-लाखौं भिक्षुहरूमा सम्प्रेषण भए । धर्मधर भिक्षुहरूको बृद्धिसँगै धर्मको प्रचार चारैदिशा फैलिँदै गए, फलस्वरूप गृही-अनुयायीहरू उपासक-उपासिकाहरू पनि बृद्धि भए । राजा, महाराजा, अमात्य, भाइ-भारदार सेनापति, महाजन, सेँठ, व्यापारीहरू, सामान्य जनतादेखि महिलाहरूमा रानी, महारानी, राजकुमारी, मश्रिणी, महाजन-सेठनी, सेनापतिनी, नृत्यांगना, नगर-शोभिनी तथा साधारण गृहणीहरू समेत सामेल थिए । यसरी धर्मको भौतिकरूपमा विकास हुनेमा बृद्धधर्ममा सम्मिलित माथिका म्यानपावर नै ( मानव-संशाधन) सशक्त आधार बन्न पुगे । पछि यी बौद्ध-मानव-संशाधन नै बुद्ध-शासनमा भिक्षु-भिक्षुणी, उपासक-उपासिका रूपमा सशक्त-आधार बन्न पुगे र बुद्धशासनरूपी रथको निरन्तर यात्रामा मजबूत पांग्रा साबित भए । यी चार समूह बौद्ध साहित्यमा 'चतु-परिषदको' रूपले चिनिन्छ ।

बुद्धधर्मको जीवन्त, धर्मदूत (Living Messenger) यी चतुपरिषद्को ब्यापकताले बुद्धको सन्देश गाउँ-गाउँमा नगर-नगरमा, जनपदबाट जनपदमा, देश-महादेशमा फैलिन पुगे । बुद्धकालीन समयमा नै पूर्वमा 'वङ्गदेश' (हालको बंगलादेश), मरम्मरड्ड (हालको म्यान्मार), थाइल्याण्ड, क्याम्बोडिया (कम्पुचिया) जावा-सुमात्रा, मालाया (मलेशिया) देशहरूमा, पश्चिममा तक्षशीला, रावलपिण्डि, उत्तरमा हिमवन्त प्रदेश ( नेपाल, लद्दाख, काश्मिर) र दक्षिणमा मध्य-मण्डलको भू-भाग ओगटेका थिए । पछि सम्राट अशोकको धर्मदूत अभियानको फलस्वरूप बुद्धधर्मको क्षेत्रीय-व्यापकता अझ विस्तार हुँदै गए । पूर्वमा सम्पूर्ण दक्षिण-पूर्वी देश, पश्चिममा बेबिलोनिया, ग्रीक राष्ट्रहरू सिरिया, मिश्र, वासिडोन, साइरेन, इपिरस, लात्भिया, लिथुआनिया, एस्टोनिया, पेलेस्टाइन, माक्दोनिययासम्म पुगेका थिए । उत्तरमा मध्यएशिया कैगर, खोतान राज्यहरू चीन, जापान, कोरिया, मंगोलिया, रूस, साइवेरियासम्म, दक्षिणमा सम्पूर्ण दक्षिण-भारत हुँदै श्रीलंका (लंकाद्वीप) सम्म विस्तार भएको थियो । बुद्धकालीन समयमा चतुर्महादेश- ( अवन्ति-मगध-वत्स-कोशल) र सोह्र महाजनपदमा ब्यापकता लिएको बुद्धधर्म, अशोकपछि दक्षिण-पूर्वी र ग्रीकसम्म फैलिन सफल यो धर्म ब्रिटिस उपनिवेशवाद र दोश्रो विश्वयुद्धपछि युरोप र अमेरिकामा व्याप्त हुँदै गए । विशेषतः युरोप लगायत पश्चिमी देशहरूमा बुद्धधर्मको प्रचारमा अनगारिक धर्मपालज्यूको महाबोधि अभियान, श्रीलंकामा सम्पन्न बौद्ध-क्रिश्चियन बीच भएको 'पंचमहावाद' (शास्त्रार्थ) जस्को विवरण अमेरिकाको समाचारपत्रमा छापिएपछि उक्त समाचार पढेर प्रभावित बन्न पुगेका हेनरी स्टिल ओल्कोट, थियोसोफिकल सोसाइटीका संस्थापक आफ्नो देश र सैनिक-पेशा नै छोडेर श्रीलंका गएर बुद्धधर्म प्रचारमा अनगारिक धर्मपाल, हिक्कडुवे श्री सुमंगल, रसियाबाट आउनुभएका लेडी ब्लेवेन्स्की आदिसँग मिली बुद्धधर्मको अझ बढी सशक्त प्रचारमा ऐतिहासिक योगदान पुऱ्याए । बौद्ध झण्डाको पंचरङ्गी-आकृति र स्वरूप निर्माणमा उहाँकै देन रहेको देखिन्छ । १८औं शदिसम्म पुग्दा महाबोधि अभियान

अन्तर्गत लण्डन बुद्धिष्ट विहार इ.सं. १९०८ मा भिक्षु आनन्द मेत्तेय्यको नेतृत्वमा बेलायतमा बुद्धधर्म प्रवेश गरेको थियो । दलाई लामाको युरोप-अमेरिका यात्रा सन् ४८५ तिर चीनको भिक्षु हुइसेन मेक्सिको पुगेको थियो । उहाँलाई मेक्सीकनहरू 'हुइशोप कोको' भन्ने गर्छन् । भियतनाम युद्धबाट विस्थापित भएका भियतनामीहरू अमेरिका संक्रमण स्वामी विवेकानन्दको चिकागो सम्मेलनमा सम्बोधन, हेन्सी ओल्कोटर ब्लेवेत्सीको थियोसिफिकल अभियान, रजनीश 'ओशो' को अमेरिका र अन्य मुलुकमा आफ्नो दर्शन प्रचार आदि कारणहरूले वर्तमान विश्वमा बुद्धधर्मको जुन व्यापकता र स्थिति छ ती सबैको श्रेय बुद्धधर्मको मानव-संशाधन र संस्थागत विकासको कारणले नै हुन् । यस्का अलावा परम्परागत बौद्ध देशहरू श्रीलंका, बर्मा, थाइल्याण्ड, कयाम्बोडिया, भियतनाम, लाओस, चीन जापान, कोरिया, भारतमा डा. अम्बेडकर-अभियान, ती ती देशहरूमा संक्रमण र बसोबासका कारण आ-आफ्नै विहार, गुम्बा, बौद्ध संघ-संस्था बौद्ध केन्द्र आदि बनाएर आ-आफ्नो क्षेत्रबाट सक्दो बुद्धधर्म प्रचारमा सहयोग गर्दै आइरहेका छन् । बुद्धधर्म आज नेपालको भूभाग छिचोलेर एशिया युरोप, अमेरिका, अष्ट्रेलिया, हुादै अफ्रिका महादेशमा समेत व्यापक हुन थालेको छ । यस पंक्तिकार स्वयं सन् २००१ मा केन्याको राजधानी नैरोबि लोरेन्सोस्थित 'थेरवाद बुद्धिष्ट सेन्टर' मा वर्षावास बसी, सम्भवत नेपालको प्रथम थेरवादी-भिक्षुको' रूपमा केन्यामा बुद्धधर्म प्रचार-प्रसार गरेको घटना आजसम्म मेरो मानसपटलमा ताजै छ । सन् १९९९/२००० बेलायत, २००५ र १० मा अमेरिका र क्यानडा, २०१२ मा बेलायत, फ्रान्स, बेल्जियम, २००७ मा कोरिया २०११/१२ मा मलेशिया, सिंगापुर, चीन आदि देशहरूमा बुद्धधर्म प्रचारमा आफूलाइ जुटाउन पाउँदा धर्मप्रीति अनूभूति भइरहेको छ । ल्याटिन अमेरीकी राष्ट्र ग्वातेमाला वास्तवमा "गौतम माला" शब्दको अपभ्रंशबाट "ग्वातेमाला" भएको मानिन्छ : अर्थात् पहिले यो बौद्ध राष्ट्र थियो ।

धर्मको ब्यापकता, समृद्धि र संरक्षणमा बुद्धधर्मका अनुयायी-पक्षपाती राज्य र शासकको सहयोग अत्यन्त जरूरी हुन्छ । बुद्धकालीन समयमा बुद्धधर्म प्रचार हुन र फस्टाउन कोशलनरेश, बिम्बिसार, अजातशत्रु, वैशाली गणराज्य जस्ता शक्तिशाली राज्य पालकहरूको विशाल-सहयोग पाएकोले नै हो । जब-जब बुद्धधर्मको चुनौति र बाधक आए, तब तब राज्यपालकहरू स्वयं धर्म संरक्षणमा सरिक भए । हुन त बुद्धकालमा नै बुद्धधर्मप्रति असहिष्णुता, शत्रुता जनाएका विरोधी तत्त्वहरूले बुद्धधर्म विरूद्ध विभिन्न षडयन्त्रहरू रचेका थिए । अन्य मताधिकारी निर्गण्ठहरूले बेलाबेलामा यस्ता षडयन्त्र रचेपनि स्वयं बुद्धको जीवमान उपस्थिति, शक्तिशाली राज्य सहयोग, समाजमा प्रतिपष्ठित गण्यमान्य, साहु-महाजनहरूको सहयोग, मजबूत संघ-संरचना, आदि कारणले गर्दा विरोधी तत्वहरूले कुनै हानि पुऱ्याउन सकेको थिएन ।

बुद्धको महापरिनिर्वाणपछि बुद्धशासनमा विस्तारै ह्रासपनको महशूस हुँदै गए । त्यबिलासम्म बुद्धको जीवन्त उपस्थितिले दबिएर तिरस्कृत भई टाउको लुकाइ बसेका अन्य लब्धिक धर्महरू बुद्धको परिनिर्वाणसँगै विस्तारै टाउको उठाउन थाले । बुद्ध परिनिर्वाणको करीव ३०० वर्षसम्मको सम्राट अशोकसम बुद्धधर्म राम्ररी फस्टाएको देखिन्छ । अशोकपछि पाल, सुंग आदि शासनकालमा बुद्धधर्मलाई विस्तारै प्रहारपछि प्रहार आउन थाले । इ. पू. दोश्रो शदीमा मौर्य राजा पुष्यमित्रले असंख्य भिक्षुहरूलाई विभिन्न तरिकाबाट नाश गर्न लगाएको थियो । एक त तत्कालीन राज्य-सहयोगको अभाव अर्को बुद्धको शिष्य-भिक्षुहरू बीच भएको वाद-विवाद, मतभेद, अन्तरविरोध अन्तर-कलह, निकाय-भेद आदि आन्तरिक कलहले विस्तारै कमजोर र शिथिल बनाउँदै लगेको थियो । बुद्ध परिनिर्वाणको सय वर्षपछि भिक्षुहरू बीच उत्पन्न 'दसवस्तुक' विनय-विवाद नै निकाय-भेदको पहिलो बीजारोपण थियो । पहिलो पटक स्पष्टरूपमा एउटै भिक्षुसंघ 'थेरवाद' र 'महासांघिकको नामले दुई समूहमा विभाजित भए । पछि यो विभाजको क्रम जारी नै रहे । थेरवादमा मात्र १२ निकाय भेद उत्पन्न भए । महासांघिक निकाय निकाय जसको छ उपशाखा भए पछि गएर महायानको रूपमा विकास भए । महायानको उपशाखाको रूपमा वज्रयान र तन्त्रयानको विकास भए ।

वर्तमान थेरवाद अभ्यास गर्ने श्रीलंका, बर्मा, थाइल्याण्डमा पनि निकाय भेद आफ्नैगुरूकूल-परम्परा अनुसार रहँदै आएको देखिन्छ । श्याम (थाइल्याण्ड) बाट आएको परम्परा 'श्याम-निकाय', दक्षिण बर्माबाट आएको परम्परा 'अमरपुर निकाय' उत्तरी बर्माबाट 'रामञ्ञ निकाय' अद्यापि जारी छ । अहिलेसम्म यी तिनै निकाय एकै ठाउँमा उपोसथकर्म, उपसम्पदा कर्म जस्तो विनय-कर्म गर्दैनन् । पहिले त एकै ठाउँमा भोजन बोलाउँदासम्म सहभागी नहुने चलन थियो । थाइल्याण्डमा पनि धम्मयुक्तिक र महानिकायबीच यस्तै मतभेद जारी छ । बर्मामा बर्मी, मोन, स्यान, प्रदेश र जात्रीय परम्परा अनुसार भिक्षुहरू बीच विभेद र मतभेद जारी छ ।

महायान परम्परामा शाक्यपा, गेलुपा, निङमापा, कग्युपा सम्प्रदाय वा निकाय-भेद जारी छ । यसरी बुद्धको परिनिर्वाणपछि एउटै भिक्षु-संघको रूपमा रहँदै आएको संघ विभिन्न चिरा, विभाजन, शाखा-उपशाखा खण्डित, अनुखण्डित भएर गएपछि, बुद्धको शासनरूपी ऐतिहासिक रथ हाँक्ने

शक्ति-समूह नै विभाजित भएपछि आन्तरिक रूपमा कमजोर हुनु स्वभाविक थियो ।

एकातिर आन्तरिक कमजोर अर्कातिर बाह्य आक्रमण एकपछि अर्को बुद्धधर्मप्रति जाइलाग्न थाले । अशोकको पितामह चन्द्रगुप्त मौर्यको पालामा सुरूभएको ग्रीकबाट (युनान) अलेक्सण्डर आक्रमण, क्रमशः पश्चिम एशियाबाट मुस्लिमहरूको आक्रमण, अरब, टर्की, आक्रमण जारी रहे । बुद्धधर्ममा अहिलेसम्मकै कहालिलाग्दो, कलंकित आक्रमण 'नालन्दा-आक्रमण' ५ औं शदिपछि भिक्षु कुमार गुप्तले नालन्दा विश्वविद्यालयको स्थापना गरेका थिए । विश्व इतिहासमैं शान्तिपूर्ण धर्ममाथि भएको क्रूर आक्रमणको रूपमा लिन सकिन्छ । १२ औं शताब्दीमा भएको उक्त आक्रमण बख्तियारका सेनाले घेरा हाली आगो लगाई ध्वस्त बनाइदिएको थियो । बौद्ध इतिहासकै वैभवसम्पन्न विशाल बौद्ध अध्ययन केन्द्र संसारकै पहिलो प्राचीन विश्वविद्यालय भन्न सकिन्छ । भनिन्छ उक्त विश्वविद्यालयमा त्यो बेला १० हजार विद्यार्थीहरू अध्ययनरत थिए र २ हजार महाप्राध्यापक, प्राध्यापकहरूले प्राध्यापन गराउँथे । बख्तियारको सेनाले लगाएको आगोले नालन्दाको भौतिक संरचना मात्र ध्वस्त भएन त्यहाँ भएका अनर्द्ध ग्रन्थ, ताडपत्र, ताम्रपत्र, पौभाः मूर्ति, चित्रहरू, थान्का पनि ध्वस्त भए । नालन्दा विश्वविद्यालयमा लगाएको आगो छ महिनासम्म बलिरहेको थियो । आगोले डढेका चामलका गेडाहरू आजपनि नालन्दाको म्यूजियममा देख्न सकिन्छ । विश्वकै ज्ञान-पिपासुहरूका लागि क्षेमभूमि भएको एक से एक विश्वप्रसिद्ध विद्वान, पण्डित, धुरन्धर प्राज्ञहरू जन्माएको, बौद्ध धरोहरू इतिहासमैं खण्डहरूको रूपमा परिणत भए ।

पश्चिम-मध्यएशियाबाट सुरूभएको मुस्लिम आक्रमण तत्कालीन बौद्ध राष्ट्रहरू पर्सिया (हालको इरान, इराक) श्रीलंकाको अनुराधपुरस्थित स्वर्ण माली चैत्यको समुद्घाटनमा सबैभन्दा बढी अर्हत भिक्षुहरू इरान-इराकबाट नै सहभागी भएका थिए । अफगानिस्तान, पाकिस्तान हुँदै इण्डियाको उत्तरी भू-भाग मुस्लिम आक्रमणको शिकार भए । ११ औं शदिदेखि १७ औं शदिसम्म सम्पूर्ण भारत मुस्लिम अधिराज्यको अधिनमा हुँदा कैयन बौद्ध-हिन्दू धार्मिक केन्द्रहरू ध्वस्त भएका थिए । क्रमशः मुस्लिम आक्रमण पूर्वतिर फैलिंदै बंगलादेश, इन्डोनेशिया, मलेसिया आदि पूर्वी एशियाली देशहरू समेत बौद्ध राज्यहरूबाट मुस्लिम राज्यहरूमा परिणत भए । यसरी एकपछि अर्को बौद्ध राज्यहरू गैह्र-बौद्ध राज्यहरूमा परिणत भए । राज्यको पतनसँगै इतिहास, संस्कृति, परस्पर, कलाकृति, संस्कार, सभ्यता समेत तहस-नहस हुने रहेछ । सन् २००१ मा अफगानिस्तानको कण्डहरमा अवस्थित बामियान बुद्धमूर्ति तालिवानी आतंकवादीहरूले बोम्ब, ग्रेनेड, रकेट, प्रहारग्ररी विश्व-इतिहासकै अनुपम र अजंगको कलाकृति ध्वंस गरे ।

नेपालको सन्दर्भमा ७ औं शदिमा शंकराचार्यको आक्रमण, १३औं शदिमा बंगालमा शमशुद्दिन तुगलुकको आक्रमण, १७औं शदिमा शाहवंशीय दमन, १८औं शदीमा राणाशासनको दमन, भिक्षुहरूको देशनिकाला, बुद्धधर्मलाई स्वतन्त्ररूपमा अभ्यास गर्नबाट बन्चित, पंचायतकालमा पोखराको अनडुडाँडास्थित शान्तिस्तूपको सेनाद्वारा भत्काएको घटना बहुदलीय व्यवस्था आएपश्चात् पनि २१ शदीमा लुम्बिनीमा जापानी भिक्षुको हत्या गत वर्ष २०७१ सुर्खेतस्थित कांक्रेविहारमा बुद्धमूर्ति स्थापना गर्नबाट बन्देज, बुद्धमूर्ति अवहेलनापूर्वक भुईंका लडाइएको घटना, हाम्रो स्मरणमा ताजै छन् । यो बुद्धधर्मप्रति असहिष्णुताको सरकारको नमूना हो ।

अन्तराष्ट्रिय रूपमा पनि बारम्बार भइरहने बुद्धधर्म-विरोधी कृयाकलापहरूले बौद्धहरूलाई सशंकित बनाइदिएका छन् । बुद्धमूर्ति माथि हुने गरेका अपमानजनक अभद्र व्यवहार जस्तै जुत्ता, खुट्टा, गोडा, लुगा-कपडाहरूमा व्यापारिक चिन्हको रूपमा प्रयोग, नेपालमा होटल, बार, रेष्टुरेन्ट जस्तो व्यापारिक स्थानहरूमा बुद्धजस्तो पवित्र शब्दको अपवित्र प्रयोग, शरीरमा समेत ट्याटूको रूपमा खोप्ने आदि कृयाकलाप साँच्चिकै बौद्ध विरोधी नै हुन् ।

आसन्न समयमा भएका, त्यो पनि पारम्परिक बौद्ध देशहरू श्रीलंका, म्यान्मार थाइल्याण्डमा घटेका बौद्ध, विरोधी घटनाहरूबाट बौद्धहरू झन् झन् असुरक्षित बन्दै गइरहेको प्रतीत हुनजान्छ । श्रीलंकामा बौद्ध-मुस्लिम झडप, बौद्ध-क्रिश्चियन झडप, बेला बेलामा भइरहेने कलंकित घटना हुन् । म्यान्मारमा 'रोहिंग्या' मुस्लिम समुदाय र 'रक्खायिने' बौद्ध समुदायबीच पछिल्लो समयमा हिंसात्मक घटना घटेको थियो । एकजना ध्यानी भिक्षुलाई बाटोमा हिडिँरहेको बेला मुस्लिम समुदायका केही व्यक्तिले डोरीले बाँधी मस्जिदमा घिसारेर लगी जिउँदै जलाएको घटनाले पूरा म्यान्मार स्तब्ध बनाएको थियो । थाइल्याण्डको दक्षिण भेगमा निरन्तर मुस्लिमहरूबाट बौद्ध भिक्षुहरू आक्रमणमा परी ज्यान समेत जोखिममा पर्ने घटना घटिरहन्छ । भिक्षुहरू भिक्षाटनमा जाँदा कैयौंपटक आक्रमणमा परी मृत्युवरण गरेका घटना छन् । आजकल आर्मि-गार्ड नराखीकन त्यहाँका भिक्षुहरू भिक्षाटन जानसक्ने स्थिति छैन । थाइल्याण्ड जस्तो स्वयं राजा र सरकार नै बुद्ध शासनको अभिभावक र संरक्षक रहने देशमा त बौद्धहरूको यस्तो भयावह स्थिति छ भने अबौद्ध देशहरूमा बौद्धहरू कतिको सुरक्षित होला? बंगालादेशमा बारम्बार बौद्ध विरोधी हिंसात्मक घटना, विहारमा कुनैपनि शान्तिपूर्ण

कार्यक्रमसमेत गर्न स्वतन्त्र परिस्थिति नभएको, त्यहा घट्ने मुस्लिम आक्रमण, तोडफोड, आगजनीहरूबाट स्पष्ट हुन्छ ।

स्वभावतः बुद्धधर्म शान्तिको जगमा उभिएको धर्म हो, परिणामतः यस्को धर्म र दर्शन शान्तिपूर्ण र शान्तिकामी हुन्छ नै । यसको अनुयायीहरू पनि स्वभावतः शान्तिपूर्ण र शान्तिकामी नै हुन्छ । तर इतिहासमा शान्तिकामी भएकोले नै बारम्बार आक्रमण, विश्वंस र विनासको सिकार हुँदै आउनुपरेको तथ्य पनि पुनरावलोकन गर्नु जरूरी छ । बौद्धहरूद्वारा इतिहासमा कहिले पनि सुरूवात भएको-गरेको युद्ध, कलह, झै-झगडा, हिंसात्मक गतिविधि छैन । बरू सम्राट अशोक जस्तो 'चण्ड-पुरूष' बुद्धधर्ममा दीक्षित भएर धर्मशोक बने । अंगुलिमान जस्तो भयानक ज्यानमारा सत्त पुरूष बने । तर धर्म र धर्मका अनुयायी नै रहेन भने कसलाई बोध गराउने?

बौद्धहरू स्वभावत जवर्जस्ती आक्रमणकारी (Aggressive) छैनन् । तर आफै सुरक्षित हुने सुरक्षा पद्धति (Defence system) पनि अपनाउने आवश्यकता ठान्दैन । उनीहरू "धर्मचारीलाई धर्मले नै रक्षा गर्छन्" भन्ने विश्वास गर्छन् । यो अध्यात्मिक-नैतिक रूपमा सत्य भएपनि व्यवहारिक रूपमा (राजनैतिक, आर्थिक, सामाजिक) सत्य-सावित नभएको तथ्य पनि हाम्रोसामू छ । इतिहासमा बारम्बार भोगेका असुरक्षित आक्रमणबाट अब बौद्धहरूले पाठ सिक्नुपर्ने मात्र होइन भौतिकरूपमा चिरकाल बुद्धधर्मलाई जीवन्त तुल्याउन सुरक्षा व्यवस्थागर्ने कदम उठाउनु पर्ने बाध्यता हाम्रोसामू छ । हुन त विश्व बौद्ध भातृत्व संघ (WFB) जस्ता अनेक अन्तर्राष्ट्रिय बौद्ध संघसंस्था भएपनि समस्त बौद्धहरूको सुरक्षा व्यवस्था सम्बन्धि कुनै कार्ययोजना गम्भीर रूपमा छलफल भएको देखिंदैन । विश्वभर छरेर रहेका बौद्धहरू सबै एउटै सूत्रमा बाँध्ने, एकात्मता र एकावद्धता कायम रहेने उनीहरू बीच परस्पर उत्पन्न हुने विभिन्न किसिमका व्यवहारिक समस्याहरू, भय, आतंक, आक्रमण असुरक्षा आदि समस्याहरूबाट प्रतिरक्षा हुने सुरक्षा प्रणाली विश्व बौद्ध समुदायले ढिलै भएपनि सोच्नुपर्ने अनिवार्यता नै आजको यथार्थ हो ।

एकातिर विश्वका बौद्ध राष्ट्रहरू मुस्लिम आक्रमणबाट प्रताडित छन् भने अर्कातिर विश्वभर नै ग्राण्ड-डिजाइनको रूपमा सूक्ष्म तरिकाले क्रिश्चियन धर्ममा परिवर्तन गर्ने अभियान तेश्रो मुलुकहरू श्रीलंका, भारत, नेपाल जस्तो देशहरूमा जारी छ । सुरूमा मिशनरी अभियानको रूपमा भित्रेका क्रिश्चियानी समूह शिक्षा र स्वास्थ्यमा केन्द्रित भई धर्मपरिवर्तनको अभियान सुरुगरेको थियो । पाटनको पाटन हस्पिटल, सेन्टजेभियर स्कूल सेन्ट मेरी आदि ती अभियानका प्रारम्भिक चरणहरू थिए । लोकतन्त्र बहाली भएपछि धर्मपरिवर्तनको गति तीव्र भएको छ । शिक्षा र स्वास्थ्य यस्तै राजगारी आदि सेवामूलक क्षेत्रमा बढि आकर्षित गरी गरीवि, बेरोजगारी, विपन्न वर्गलाई सेवाप्रदान गरी धर्मपरिवर्तन गर्ने एउटा उपाय रहेको छ भने सामाजिक विभेदमा परी बहिष्करणमा परेका शोषित उत्पीडित जनसमुदायलाई समानता र न्याय दिलाउने बहानामा क्रिश्चियत धर्ममा परिवर्तन गर्ने गरेको देखिन्छ । विशेषतः युवावर्गलाई मनोरञ्जनात्मक कार्यक्रम, सांगीतिक कार्यक्रम, कन्सर्ट आदिमा भुलाउने धर्मपरिवर्तनको अर्को उपाय हो ।

नेपालमा पछिल्लो समयमा धर्मरिवर्तन, पारिवारिक विखण्डन, सामाजिक-विभेद, धार्मिक द्वन्दको रूपमा विकास हुँदै आएको देखिन्छ । यो राष्ट्रिय समस्या नै भएको छ । घर घरमा परिवारका सदस्यबीच विखण्डन, सांस्कृतिक विचलन, गाउँ-गाउँमा हिन्दू बौद्ध, क्रिश्चियन समूहबीच साम्प्रदायिक द्वन्द, मतभेद, धार्मिक द्वन्द क्रमशः बढ्दै गएको देखिन्छ । चितवनको जुटेपानीमा क्रिश्चियन समूहबाट गुम्बा तोडफोड, सोलुखुम्बमा लामा जातिहरू क्रिश्चियन हुँदा गुम्बा नै खाली भएको, धादिङ्गमा तामाङ गाउँ-गाउँनै क्रिश्चियन भएको, क्रिश्चियन बौद्धबीच झडप, स्कूल स्कूलमा कलिला बाल-बालिकाहरूलाई सुनियोजित तरिकाले धर्म-परिवर्तन गराउने षडयन्त्र, प्रत्येक गाउँमा क्रिश्चियन चर्च मण्डली समूह खडा गर्ने अभियान आदि नेपालमा क्रिश्चियन धर्मपरिवर्तन गर्ने अभियानको व्यापकता र तीब्रता अनुमान गर्न सकिन्छ । पारम्परिक शुद्ध नेवार जातिहरू महर्जन, मानन्धर, श्रेष्ठ तामाङ जातिहरू, शेर्पा, लामा, ब्राह्मण जातिहरू पाण्डे, शर्मा, क्षेत्री समेत पाष्चर र फादर बनेको देख्दा धर्मपरिवर्तनको षडयन्त्र कत्तिको सक्रिय छ अनुमान गर्न सकिन्छ । यसरी हरेक कोणबाट बौद्धहरू असुरक्षित तथा अस्तित्व संकटको धरापमा पर्दैआएको छ । विगत र वर्तमानका घटना-परिघटना, नियति र भोगाइबाट शीघ्रातिशिघ्र पाठ नसिक्ने हो भने बौद्धहरूको भविष्य अन्योल अन्धकारमय छ । विश्वभरका बौद्धहरू जुर्मुरिएर उठ्नु जरूरी छ । एकआपसमा हातेमालो गर्दै एकताको सूत्रमा बाँध्नुपर्ने परिस्थिति छ । कमसेकम हामीले आक्रमणकारीहरूबाट बस्ने, सुरक्षित हुने प्रतिरक्षा व्यवस्था (Self defence system), स्वयं सुरक्षा व्यवस्था गर्नुपर्ने बाध्यता ढिलै भएपनि अवगत गर्नु जरूरी छ । नभए केही शताब्दीभित्र हामी बौद्धहरू अन्य धर्ममा विलीन भएर जाने मात्र होइन हाम्रा अद्वितीय सभ्यता, संस्कृति, कला, सम्पदारूपि धरोहर इतिहासमा खण्डहरूमा परिणत हुँदै जाने सम्भावनालाई रोक्न सक्दैन ।

# कमलनयनाचार्यमाथि छानबिन गर



फोटो : सामाजिक सञ्जाल

फोटो : किरण आचार्य

आफूलाई मुक्तिनाथ पीठाधीश्वर भन्ने 'स्वामी' कमलनयनाचार्यले सरकारी वन, जग्गादेखि बजेटमा जसरी हालीमुहाली चलाइरहेका छन्, त्यसमा कुनै कारबाही नहुनुले शासकीय दुर्बलतालाई प्रष्ट्याउँछ । अझ प्रधानमन्त्री, विपक्षि दलका नेतादेखि अन्य शक्तिशाली नेताहरूसँग उनको जुन किसिमको हिमचिम र साँठगाँठ छ, त्यसलाई दुरूपयोग गर्दै उनी सरकारी वन र जग्गा मात्रै हडप्दैनन्, उल्टै त्यस स्थानमा आश्रमदेखि अन्य संरचना निर्माणका लागि सरकारी संयन्त्रलाई नै बाध्य पारिदिन्छन् । राजनीतिक दलका नेताहरू शाहीकालमा 'राजा आऊ देश बचाऊ' भन्दै निरंकुशताका पक्षमा सडकमा उत्रिने कमलनयनाचार्यको पृष्ठभूमि नकेलाई उनलाई पूजा गर्न पुग्नु अचम्मलाग्दो मात्र होइन, दुभार्ग्यपूर्ण अवस्था हो ।

कमलनयनाचार्यको सन्देहपूर्ण र अनियमित क्रियाकलाप छानविनको विषय बनाइनुपर्नेमा दलका नेता, उच्च ओहोदाका कर्मचारीदेखि संवैधानिक निकायको नेतृत्वसम्म उनको भक्त बन्ने परिपाटीले विकृत रूपलाई देखाईदिएको छ । उनको कार्यक्रम र आश्रममा प्रधानमन्त्रीदेखि विपक्षी दलका नेता र संवैधानिक निकायका प्रमुख तथा सुरक्षा निकायका हाकिमदेखि प्रतिष्ठित उद्योगपतिहरूसम्मै ताँती लाग्छन् । उनी र उनको आडमा शक्तिको दुरूपयोग गरेको मात्र होइन, अनियमितता र गैरकानुनी कार्य गरेकामा उन्मुक्तिसमेत पाइरहेका छन् ।

पशुपति वनकालीमा उनले लगाएको 'नेपाल माता महिमा राष्ट्रिय महायज्ञ" मा प्रधानमन्त्री कोइराला प्रमुख अतिथि थिए भने एमाले नेता माधवकुमार नेपाल र एमाओवादी अध्यक्ष दाहाल उपस्थित थिए । गत फागुनमा जन्मथलो बाग्लुङको पञ्चकोटमा निर्माण प्रस्ताव गरेको १ सय ८ फिट अग्लो काँसको करूवा शिलान्यासमा पनि कोइराला छुटेनन् । बाग्लुङमा प्रधानमन्त्री कोइराला, एमाले अध्यक्ष ओली,

बुद्धको जन्मभूमि राष्ट्र नेपालमा सुख-शान्ति फैलिरहोस् ।
सम्पूर्ण नेपालीहरूमा धार्मिक चेतना विकास होस् ।



इन्द्रेणी बचत तथा ऋण सहकारी संस्था लि.
गुरुजुधारा, काठमाडौं, फोन नं. ४३१५३४४, फ्याक्स : ४३१०४५८

पूर्वप्रधानमन्त्री झलनाथ खनाल, गृहमन्त्री वामदेव गौतमदेखि अन्य हुलका हुन 'भीआइपी' बोक्न आठवटा हेलिकप्टर उडाइएका थिए । यसले पनि शक्ति र स्रोतको दुरूपयोगलाई देखाउँछ । अझ अचम्मलाग्दो पक्ष यस्तो कार्यक्रममा स्वामीले नेताहरूलाई टीका लगाइदिँदै सुध्रिन उपदेश दिन्छन्, जसलाई लाजै नमानी मुलुक हाँकिरहेका नेताहरू मुन्टो निहुर्‍याएर आशीर्वाद लिन्छन् । योभन्दा ठूलो लज्जाको विषय के नै हुनसक्छ र?

राजनीतिज्ञदेखि कर्मचारीसम्मको शक्तिलाई दुरूपयोग गर्दै कमलनयनाचार्य सरकारी बजेट लैजान्छन् । यता, सरकारमा रहेका नेता र कर्मचारी पनि उनको संस्थालाई विभिन्न मन्त्रालयमार्फत् हरेक वर्ष बेहिसाब बजेट दिने गर्छन्, तर नियम पुर्‍याएर काम भने कहिल्यै हुँदैन । यति हुँदाहुँदै पनि उनलाई न कसैले 'नियम पुगेन' भन्न सक्छ, न नदिएरै टार्न सक्छ । यसरी दिएको रकमलाई महालेखापरीक्षकको वार्षिक प्रतिवेदन हरेक वर्ष कहिले नामै किटेर, कहिले एक ट्रस्ट भन्दै आर्थिक अनियमिततालाई कडा रूपमा उठाउँछ तर यो परिपाटी कहिल्यै सुध्रिँदैन । गैरकानुनी तरिका दोहोरिरहन्छ जसलाई रोक्न सरकारी वा संसदीय वा संवैधानिक कुनै निकाय पनि अग्रसर नुहुनु दुभार्ग्यपूर्ण अवस्था हो ।

कमलनयनाचार्यको ट्रस्टका लागि एकातिर बजेटमा जथाभावी रकम छुट्याउने गरिएको छ भने अर्कातिर त्यो के कसरी खर्च गरियो भन्ने कुरा खुलाउने गरिएको छैन । त्यति मात्र होइन, सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) अनुसार प्रतिस्पर्धाद्वारा काम गराउनुपर्नेमा त्यो ऐन छल्नकै लागि ७ उपभोक्ता समितिमार्फत् ६० लाख रूपैयाँ ननाघ्ने गरी टुक्र्याउने गरिएको छ । यसले पनि विनियोजित रकममा आर्थिक अनियमितता हुने गरेको प्रष्टै बुझ्न सकिन्छ ।

कमलनयनाचार्यको गतिविधिका विषयमा प्रश्न उठेकाले यसलाई सरकारले छानविनको विषय बनाउनुपर्छ साथै संसद्को सार्वजनिक लेखा समितिले समेत ट्रस्टको आर्थिक अनियमितताबारे अध्ययन र छानविन गर्न आवश्यक छ । ट्रस्टले कानुनविपरीत राज्यस्रोत खर्च गरिरहेको महालेखाले विगत केही वर्षदेखि उठाउँदै आएका कारण पनि यसलाई संसदीय समितिले छानबिनको विषय बनाउन जरूरी छ । स्वामी भन्दैमा आर्थिक अनियमितता र अन्य गैरकानुनी क्रियाकलापबाट उन्मुक्ति पाउन सक्दैनन् ।

(श्रोत साभार : सम्पादकीय-कान्तिपुर दैनिक, असार २८ २०७२)

# लेखक एवं पाठक-ग्राहक वर्गमा हार्दिक अनुरोध

- नेपालको पहिलो बौद्ध मासिक आनन्द भूमि पत्रिकाको वार्षिक ग्राहक महानुभावहरूले नविकरण गर्नुहुन हार्दिक अनुरोध गरिन्छ । सम्बन्धित क्षेत्र वा व्यक्तिमार्फत समयमैं ग्राहक नविकरण गर्नुभई सहयोग गर्नुहोला ।
- समयमैं लेखक वर्गले बुद्ध, बुद्धधर्म, बौद्धसंस्कृति एवं दर्शन, साहित्य र इतिहाससम्बन्धी अनुसन्धानात्मक तथा सृजनाात्मक लेख, रचना, कथा, कविताहरू संप्रेषण गर्नुहोला ।
- आ-आफ्ना क्षेत्रहरूमा हुने समाचारमूलक बौद्ध गतिविधिलाई सक्दो चाँडो फोन, ईमेल वा हुलाकबाट जानकारी गराउनुहोस् ।
- उद्योगपति तथा व्यापारी वर्गबाट विज्ञापन दाता बन्नुभई आफ्नो व्यवसायको प्रचार तथा बुद्धधर्मप्रतिको श्रद्धा अभिव्यक्त गरी आनन्दभूमिलाई सहयोग गर्नुहोस् ।
- विगत ४३ वर्षदेखि प्रकाशन हुँदै आइरहेको नेपालको पहिलो बौद्ध मासिक पत्रिका आनन्दभूमिका लागि आफ्ना विचार, तर्क, नियात्रा, दृष्टिकोणजस्ता कुराहरू समावेश गरी वर्तमान परिप्रेक्ष्यमा अनुकुल हुने गरी जनअभिरूचिपूर्ण नयाँ नयाँ तथ्यहरूसहित यहाँहरूबाट निरन्तर रूपमा लेखरचना प्राप्त भइरहेमा आनन्द भूमिलाई स्तरीयरूपमा प्रस्तुत गर्दैजान सकिने हुन्छ ।
- यस पत्रिकामा प्रकाशित लेख-रचनाको सम्पूर्ण जिम्मेवारी स्वयं लेखककै अभिभारा हुनेछ ।
- समयमैं लेख-रचना प्रकाशन गर्न तथा सल्लाह-सुझावका लागि anandakutivihar@gmail.com/ gkondanya@gmail.com मा इमेल गर्नसकिने छ ।
- सहयोग, सल्लाह, सुझाव तथा आलोचना, समालोचना आनन्दभूमिको निरन्तरताका लागि सम्बद्ध क्षेत्रबाट रचनात्मक सहयोगको अपेक्षा लिएका छौं ।

- आनन्दभूमि परिवार, आनन्द कुटी विहार, स्वयम्भू, काठमाडौं । फोन - ४२७१४२०
anandakutivihr@gmail.com/gkondanya@gmail.com



# संविधान सभामा बौद्धहरूको प्रस्ताव[१]

✍ कोण्डन्य

१. **प्रस्तावना :**

२. **विषय प्रवेश :**

३. **नेपालमा संविधानसभा : एक चिनारी**

४. **धर्मनिरपेक्षताका लागि आन्दोलन**

५. **जनगणनामा बौद्धहरू**

६. **संविधानसभाका लागि बौद्धहरूको प्रस्ताव**

बुद्धजन्मभूमि राष्ट्र नेपालमा बुद्ध, बुद्धधर्म, बौद्ध संस्कृति एवं दर्शन जति फस्टाउनु पर्ने हो, फुल्नु र फल्नु पर्ने हो त्यो आवश्यक मात्रामा हुन नसक्नु विडम्बना कै विषय हो । विश्वकै परिवेशमा भन्नुपर्दा आज बुद्ध र बुद्धधर्म दर्शन बारे विश्व-शान्तिका लागि आवश्यकता र अनुशीलनको विषय भएको छ । २५०० वर्षभन्दा अगाडि बुद्धले बहुजन हिताय र बहुजन सुखायको अवधारणा अगाडि सारी चतुरार्य सत्य-अष्टाङ्गिक मार्ग र कार्य कारण सिद्धान्त-प्रतीत्यसमुत्पादको देशना गरी जनमानसमा सुख-शान्तिको लागि अतुलनीय संचार गरेका थिए । बुद्धोपदेश धार्मिक र आध्यात्मिक चिन्तनमैं मात्र सीमित नरही यसले व्यवहारिक, सामाजिक, आर्थिक, राजनैतिक (दशराजधर्म), सांगठनिक, प्रशासनिक, अनुशासनिक आदि क्षेत्रमा समेत परिस्कृत एवं परिमार्जित तवरमा अगाडि बढ्न नीति-मार्ग निर्देशन गरेको छ । वस्तुत: सम्पूर्ण बुद्ध शिक्षालाई त्रिविध शिक्षा अर्थात् शील, समाधि र प्रज्ञायुक्त धर्मको रूपमा पनि परिभाषित गरिन्छ । मानवीय स्वभावजन्य द्वन्द्वलाई आत्मसात् गरी सुख-शान्तिका लागि अवलम्बन गर्ने उपाय कौशल हो- बुद्ध शिक्षा । यथावादी तथाकारी बुद्धको आदर्श र शान्तिको उपदेश व्यक्ति स्वयंको मन र चरित्रमा, समाजको सभ्यता र संस्कृतिमा अनि राष्ट्र र विश्वको स्थिति र यथार्थ' मा चरितार्थ गरिँदै लानसके विश्वमा शान्तिको सम्भावना यथेष्ट छ । त्यसो त विश्व-शान्तिका लागि समाजमा समभावना र आपसी भातृत्वको जरूरत छ । विभिन्न तवरले गरिने छुवाछूत र भेद्भाव नीति शान्तिका लागि वैगुणी तत्व हुन् भनी बुद्ध बताउनुहुन्छ । त्रिविध शिक्षाको परिपालन गर्नु नितान्त आवश्यक छ । जस्ले मानिसमा सद्भावना, सत्बुद्धि र सदाचरणको अभिबृद्धि गराउने हुन्छ । समान अधिकार र कर्तव्यको मूल्यबोध हुने मानव-समाजको निर्माण गर्ने बुद्धको उपदेशबाट आधारभूत खंडिलास्तरमा विश्व-शान्तिको वातावरण निर्माण गर्न ठूलो योगदान गर्दछ ।

नेपालको वर्तमान परिवेशलाई हेर्ने हो भने समस्त नेपाली जनमानसमा अब त पक्कैपनि दीगो सुखशान्ति छाउने हो कि भन्ने आशा पलाएको यथार्थता हो । राजनीतिक परिवृत्तीय भाषामा भन्नुपर्दा एक युगमा एक पटक मात्र आउने राज्यको सम्पूर्ण संरचनात्मक ढाँचारूपी मुहार फेर्न नेपाली जनता परिवर्तन चाहन्छ भन्ने कुरा सम्पन्न संविधान सभाको जनादेशले स्पष्ट पारेको छ । जनताकै हातबाट कोरिने आगामी जनमुखी / जनस्तरीय संविधानका धाराहरू परिवर्तनका वाहकको रूपमा अगाडि आउने छन् भने त्यसै खाकाअनुरूप राष्ट्, जनता, राष्ट्रीयता, सार्वभौम आदि आधारभूत अधिकार सुनिश्चित हुनेतर्फ सबै परिवर्तनगामी जनता लोकतान्त्रिक संघीयगणतन्त्रात्मक राज्यको पुन:संरचना हेर्न आशावादी भएर प्रतिक्षारत छन् । राष्ट्र वा राज्यले सम्पूर्ण जातजाति, भाषाभाषी, संस्कृति, धर्म, लिङ्ग आदि समग्र पक्षलाई समेटिएर पूर्ण समावेशीय रूपबाट अगाडि बढ्नु आजको आधारभूत पक्ष हुन् । आसन्न संविधानसभाका लागि आमजनताबाट आएका सुझाव संकलन, अभिलेखीकरण र त्यसमा संविधानसभाले संबोधनका लागि उपयुक्त प्रबन्धनार्थ बौद्धहरूको तर्फबाट प्रस्ताव निम्नानुसार प्रस्तुत गरिएको छ ।

७. **बौद्धहरूको प्रस्ताव-१**[१५]

१) नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसम्पन्न, धर्मनिरपेक्ष, समावेशी, छुवाछूतमुक्त संघीय लोकतान्त्रिक गणतान्त्रिक राज्य हुनुपर्छ ।

२) प्रत्येक नागरिकले सम्मानपूर्वक बाँच्न पाउने हकको सुनिश्चिता हुनुपर्ने तथा मृत्यदण्डको सजाय नहुनेगरी नियम कानुन निर्माण गरिनु पर्ने ।

३) कानुनबमोजिम कुनैपनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण गरिनु हुन्न भने राष्ट्रको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने वा हिंसात्मक कार्य गर्न दुरुत्साहित गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिव प्रतिबन्ध लगाउने गरी कानुन बनाउनु पर्छ ।

४) सबै नागरिक कानुनको दृष्टिमा समान हुने हुँदा सबैलाई कानुनको समान संरक्षणको व्यवस्था हुनुपर्छ ।

५) कुनै पनि नागरिकमाथि धर्म, वर्ग, जात, जाति, लिङ्ग, यौन

अभिमुखीकरण तथा लैंगिक पहिचान, उत्पत्ति, भाषा, शारीरिक वा मानसिक अपांगता क्षेत्र, वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिनु हुन्न ।

६) कुनैपनि व्यक्तिलाई जात, जातिको आधारमा सार्वजनिक सेवामा रहेका सेवा, सुविधा वा उपयोगका कुराहरू प्रयोग गर्नबाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिकस्थलमा प्रवेश गर्न वा धार्मिक कार्य गर्नबाट वंचित गराउनु हुन्न ।

७) नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको संरक्षण एवं संवर्द्धन गर्ने हकको सुनिश्चितता गर्नुपर्छ ।

८) प्रत्येक व्यक्तिलाई प्रचलित सामाजिक एवं साँस्कृतिक परम्पराको मर्यादा राखी परापूर्वदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन, अभ्यास एवं संरक्षण गर्ने हक हुनुपर्छ ।

९) धर्मनिरपेक्ष राज्यमा प्रत्येक व्यक्तिलाई अरुको धार्मिक आस्था र स्वतन्त्रताको पूर्ण सम्मान गर्दै धर्म रोज्ने र अभ्यास गर्ने अधिकारको सुनिश्चितता हुनुपर्छ । धर्मको आधारमा कुनैपनि भेदभाव, घृणा र अवहेलना गर्नु दण्डनीय हुनुपर्छ ।

१०) प्रत्येक धार्मिक समूहलाई कानुनबमोजिम आ-आफ्नो स्वतन्त्र अस्तित्व कायम राखी आफ्नो धार्मिक स्थल र धार्मिक गुठी (मठ, मन्दिर, विहार, बहा:बही, गुम्बा, मस्जिद, चर्चआदि) को संचालन र संरक्षण गर्ने व्यवस्था हुनुपर्छ ।

११) प्रत्येक व्यक्ति, परिवार र समुदायलाई समान एवं स्वायत्तरूपमा आ-आफ्नो भाषा, धर्म, लिपि, संस्कृति र परम्पराको संरक्षण र संवर्द्धन गर्ने अधिकार हुनुपर्छ ।

१२) राज्यको नागरिकहरूका बीच धर्म, वर्ण, लिङ्ग, जातजाति वा वैचारिक आस्था वा भाषाका आधारमा भेदभाव गरिने छैन भन्ने व्यवस्था हुनु पर्छ ।

१३) संविधानका अनुसूचिमध्ये सबै धर्म, भाषा, जाति र संस्कृतिलाई अनुसूचित गर्नु पर्छ ।

१४) धर्मप्रचारकै नाउँमा मात्र होइन कुनैपनि नागरिकलाई देश निकाला गरिनु हुन्न ।

१५) वर्गीय, जातीय, भाषिक, लैङ्गिक, साँस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी, जनजाति, मधेशी, उत्पीडित, उपेक्षित, अपांग आदि पिछडिएका क्षेत्रलगायतका समस्याहरूलाई सम्बोधन गर्न राज्यले आवश्यक कानुन बनाई समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गरिनु पर्छ ।

१६) कुनै किसिमको आर्थिक एवं सामाजिक असमानता हटाई कुनैपनि विभिन्न जातजाति, धर्म, भाषा, वर्ण, समुदाय र सम्प्रदायकाबीच सामञ्जस्य स्थापना गरी न्याय र नैतिकतामा आधारित स्वस्थ सामाजिक जीवनको स्थापना र विकास गर्नु राज्यको सामाजिक उद्देश्य हुनुपर्छ ।

१७) विभिन्न धर्म, संस्कृति, जाति, समुदाय, सम्प्रदाय, उत्पत्ति र भाषाभाषीहरुका बीच समानता एवं सहअस्तित्वका आधारमा


५ वर्षे मुद्दतीमा सावाँको दोब्बर भुक्तानी गर्ने

| मुद्दती बचतमा पाइने ब्याजदर | | | | |
|---|---|---|---|---|
| मुद्दती अवधि | मासिक | त्रैमासिक | अर्धवार्षिक | वार्षिक |
| १ वर्ष | ११% | ११.२५% | ११.७५% | १२% |
| २ वर्ष | ११.५% | ११.७५% | १२% | १२.५% |
| ३ वर्ष | १२.५% | १२.७५% | १३% | १३.५% |
| ४ वर्ष | १३% | १३.२५% | १३.७५% | १४% |
| ५ वर्ष | १४% | १४.२५% | १४.७५% | १५% |
| सुपर सेभिङ्ग बचत खातामा (दैनिक मौज्दातमा) ८% ब्याजदर | | | | |

| बचतमा पाइने ब्याजदर | |
|---|---|
| बचत | ब्याजदर |
| साधारण बचत | ८% (६ महिनामा भुक्तानी) |
| बाल बचत | १२% (५ वर्षमा भुक्तानी) |
| आवधिक बचत ६/१२/२४/३६ महिना | ९%/१०%/११%/१२% |

रेमिटान्स सेवा - प्रभु, हिमाल, मेघा, सिद्धार्थ, मनिग्राम, मनि एक्सप्रेस, रिलायबल
अन्य सेवाहरू : ADSL, Land Line को बिल भुक्तानी तथा NTC, NCell को Post Paid र Pre-Paid Recharge सेवा




आजको बचत नै भोलिको सुन्दर भविष्यको आधार हो ।

Regd. No. 2352/065/066

CANON 2066 Saving & Credit Co-operative Limited

CANON
Saving & Credit Co-Operative Ltd.

Tel: 4288868
Swoyambhu-15, Sanobharyang
Kathmandu

canon_sc@email.com

स्वस्थ र सुमधुर सामाजिक सम्बन्ध विकसित गरी सबैको भाषा, साहित्य, लिपि, कला र संस्कृतिको समान विकासद्वारा देशको साँस्कृतिक विविधता कायम राखी राष्ट्रिय एकतालाई सुदृढ गर्ने नीति राज्यले अवलम्बन गर्नु पर्छ ।

१८) धर्म र संस्कृतिलाई निरन्तरता दिन राज्यको सम्पूर्ण श्रोतसाधन, अवसरहरू उपभोग गर्न, दक्ष बनाउन र समानुपातिक सहभागिताको लागि दीर्घकालीन विशेष प्रकारको नीति राज्यले अवलम्बन गर्नु पर्छ ।

१९) शुद्ध धार्मिकस्थलको निरन्तरता एवं जगेर्ना गर्ने अभिप्राय हेतु कर छुटको व्यवस्था गर्नु पर्छ ।

२०) एक संघीय आदिवासी, जनजाति, भाषा, धर्म तथा संस्कृति आयोग गठन गरी सम्बद्ध क्षेत्रकै प्रतिनिधित्व गराउनु पर्छ ।

२१) कुनै राजनीतिक दलको सदस्यता प्राप्त गर्न केवल धर्म, जातजाति, भाषा, यौन अभिमुखीकरण तथा लैंगिक पहिचान वा लिङ्गको आधारमा नेपाली नागरिकउपर भेदभावपूर्ण बन्देज लगाइएको वा कुनै राजनीतिक संगठन वा दलको नाम, उद्देश्य, चिन्ह वा झण्डा मुलुकको धार्मिक वा सम्प्रदायिक एकतालाई खलल पार्ने वा मुलुकलाई विखण्डित गर्ने प्रकृतिको वा त्यस्तो दलको विधान वा नियमावलीमा निर्दलीय वा एकदलीय व्यवस्थाको संवर्द्धन र संरक्षण गर्ने उद्देश्य रहेछ भने निर्वाचन आयोगले त्यस्तो संगठन वा दललाई दर्ता गर्नु हुँदैन ।

२२) राज्यको प्रमुख अङ्ग मानिने व्यवस्थापिका, कार्यपालिका तथा न्यायपालिकाअन्तर्गत धर्मनिरपेक्ष राष्ट्र नेपालमा धर्मनिरपेक्षतालाई सुहाउँदो दैनिक जीवनमा विधिव्यवहार भएगरेका छन् वा छैनन् भनी अनुगमन गर्ने व्यवस्थाका लागि कुनै सम्बन्धित मन्त्रालयअन्तर्गत विभाग संचालन गरिनु पर्छ ।

२३) बाल्यावस्थादेखि नै स्वव्यहारमा धार्मिकता तथा नैतिकता ल्याउने उद्देश्यसहितको व्यवस्थाको लागि सरकारीस्तरबाटै व्यावहारिक शिक्षा दिलाउनका लागि नीति तर्जुमा गरिनु पर्ने ।

**८. बौद्ध प्रस्ताव–२**[१६]

१) संघीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई सुहाउँदो संविधानमा धार्मिक समस्या तथा धार्मिक विभेदलाई अन्त्य गरी बुद्धधर्मप्रति पनि समानुपातिक प्रतिनिधित्व गराउनु पर्छ ।

२) बुद्धजन्मभूमि राष्ट्र नेपालको संविधानमैं कुनै न कुनै तवरबाट "बुद्धको जन्मभूमि राष्ट्र" नेपाल भनी स्पष्ट अंकित गर्नु पर्छ ।

३) बौद्धहरूलाई राजनीतिक दल, प्रशासनिक यन्त्र र राज्यका जनप्रतिनिधिमूलक निकायमा अनिवार्य प्रतिनिधित्व गराउन आधार तयार गर्न सकिने नीति राज्यले अङ्गिकार गर्नु पर्छ ।

४) बुद्धजन्मभूमि राष्ट्र नेपालमा बुद्धको शान्ति-सन्देशलाई

दर्ता नं. २०४६/०६५-०६६
एक होइन सबै सबल बनौं ।
पापको फल भोग्नरू नपरेसम्म मूर्खले आफुले गरेको खराब कामलाई महजस्तो ठान्दछ । तर पापको फल भोग्नरूपर्दा दुःखित हुन्छ । – धम्मपद, ६९
मुद्दती वचतमा १३ प्रतिशत व्याज
दैनिक वचतमा ६.५ प्रतिशत व्याज
बलम्बु च्याउ सहकारी संस्था लि.
बलम्बु, काठमाण्डौ
बलम्बु-६, काठमाण्डौ, फोन नं. ४३१४८४४,
इमेलः bmc_coperative@yahoo.com

अन्तर्राष्ट्रिय मान्यताको आधारमा संस्थागत गर्दैजाने नीति राज्यले अवलम्बन गर्नु पर्छ ।

५) अन्तर्राष्ट्रिय विभूति रहेका बुद्धको शान्ति नीतिको अनुशरणमा संविधानमा सबल पक्षको रूपमा ख्याल राखिनु राज्यको कर्तव्य हुनेछ, जस्तै बुद्धधर्म र बौद्धजनप्रति पक्षपात, बहिष्करण, निषेधीकरण र अवहेलनाको वातावरण ल्याइनु हुन्न ।

६) नेपालको विशेषता, आदर्श वा विश्वमा नेपाललाई चिनाउने महत्वपूर्ण पक्षमध्ये एक बुद्ध र बौद्धदर्शन हो भने अर्को विश्वको सर्वोच्च शिखर सगरमाथा हो । यसरी राष्ट्रलाई चिनाउने पक्षलाई संविधानमै प्रतीक चिन्हको रूपमा उल्लेख गर्नु पर्छ ।

७) बुद्धजन्मस्थल लुम्बिनीलाई विश्वशान्तिको मुहान भनी नारामै सीमित नगरी मक्कामदिना र भ्याटिकन सिटीझैं गुरुयोजनाअन्तर्गत यथाशीघ्र विकास गर्न कार्यान्वयनमुखी रचनात्मक कदम चलाउनु पर्छ । विश्वसम्पदामा सूचिकृत लुम्बिनीलाई विश्वशान्ति क्षेत्र (World Peace Site) मा परिणत गर्ने योजनामुताबिक नियम निर्धारण गर्नु पर्छ ।

८) लुम्बिनी विकास कोषमा राजनैतिक नियुक्तिको अवधारणाभन्दा माथि उठी बुद्धधर्म र लुम्बिनीप्रति आस्थावानहरूकै बाहुल्यतामा कार्यसंचालन गर्ने वातावरण अनुकुल नीति निर्माण गरिनु पर्छ ।

९) लुम्बिनी विकास कोषमा बुद्धधर्मको तीन निकाय थेरवाद, महायान र वज्रयान सम्बद्ध गुरुहरूको धर्मानुशासकीय प्रतिनिधित्व हुने गरी कार्यविधि अगाडि बढाउनु पर्छ ।

१०) बुद्धको उपदेशलाई विश्वशान्तिका लागि मार्गदर्शक सन्देशका रूपमा अनुशरण गरी शान्ति, मैत्री तथा सद्भाव प्रवर्द्धन गर्ने, शिक्षामा गुणस्तर कायम गरी बुद्धधर्म, दर्शन, इतिहास, साहित्य, शिक्षा र संस्कृतिको अध्ययन अध्यापन र अनुसन्धान गर्न बौद्ध शिक्षण संस्था विश्वविद्यालय स्तरसम्म आ-आफ्नै निकायअन्तर्गत पाठ्यक्रम, प्रयोग र संचालनमा सरकारी मान्यताप्रति स्वशासित व्यवस्था गरिनु पर्छ ।

११) जसरी लुम्बिनी विश्वविद्यालयको स्थापन[१७] एवं त्यसलाई जनस्तरबाट अगाडि बढाउने भनिएको छ, त्यसो हुँदा हालसम्म उपकुलपति र रजिष्टारबाहेक अरु केही कार्य हुन नसकेको हुँदा लुम्बिनीलाई विश्वशान्ति क्षेत्रको रूपमा स्थापना गर्ने योजनाअनुसार सरकारले नै लुम्बिनी विश्वविद्यालयलाई अगाडि बढाउन आर्थिक अनुदानको व्यवस्था गरिनु पर्छ ।

१२) विश्वशान्तिका लागि बुद्धधर्म अग्रगण्य अन्तर्राष्ट्रिय धर्मको रूपमा स्थापित भैसकेको छ । यसउसले बुद्ध संवत्लाई संवैधानिक मान्यतास्वरूप प्रयोगमा ल्याउनु उपयुक्त एवं गौरवको विषय हुनेछ ।

१३) विगत चारदशकदेखि बुद्धधर्मप्रति आस्थावान भिक्षु, अनागारिका, उपासक तथा उपासिकाहरूको धार्मिक सेवाभाव एवं यथाश्रद्धाले संचालित नेपाल बौद्ध परियत्ति शिक्षा[१८]लाई नेपाल सरकारले आर्थिक संरक्षण प्रदान गरी सो परियत्ति शिक्षालाई नैतिक शिक्षाअन्तर्गत विद्यालय शिक्षास्तरमा पनि समायोजन गर्न आवश्यक नीति ल्याउनु पर्ने । परियत्ति शिक्षामा वर्षेनी करीब चारहजार विद्यार्थीहरूले विभिन्न तहगत वार्षिक परीक्षामा सम्मिलित हुने गर्दछ ।

१४) राज्यको मौलिक हकअधिकारअन्तर्गत बुद्धधर्म शास्त्रानुकुलको भाषालाई पनि संवैधानिक मान्यता दिनुपर्छ, जस्तै पालीभाषाको प्रयोग ।

१५) प्रस्तावित सिद्धार्थ विश्वविद्यालयले काभ्रे जिल्लास्थित नालामा न्यूनतम भौतिक पूर्वाधार तयार गरिसकेको छ । विगत एकदशकदेखि सो प्रस्तावित सिद्धार्थ विश्व विद्यालयले सरकारी मान्यताका लागि जुन निरन्तर प्रयास गरिरहेको छ, त्यस प्रकृयालाई नियमानुसार स्वीकृत गराउनु पर्ने ।

१६) परम्परादेखि बौद्धस्थल, बौद्ध सम्पदा घोषित, पूजित एवं प्रचलनमा रहेको पवित्र स्थलमा जबरजस्ती अन्य प्रकृतिको स्थानसरह धर्ममिश्रण वा वातावरण दूषित हुनेगरी हस्तक्षेप एवं अपहृत नहुने गरी हक अधिकार सुरक्षित हुनु पर्छ ।

१७) धार्मिक आयोग, न्याय सेवा आयोग र न्याय परिषद्जस्ता

**बुद्धको जन्मभूमि राष्ट्र नेपालमा सुख-शान्ति फैलिरहोस् ।**

**सम्पूर्ण नेपालीहरूमा धार्मिक चेतना विकास होस् ।**

**सुनौलो कीर्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.**

नगाउँ दोबाटो, नयाँ बजार, कीर्तिपुर

क्षेत्रमा बौद्धजनको समानुपातिक प्रतिनिधित्व अनिवार्य गराउने हुनु पर्छ ।

१८) कुनैपनि धर्माधिकारीहरूको परिषद्मा बौद्धधर्माधिकारी गृहत्यागी भिक्षु/लामागुरुको प्रतिनिधित्व अनिवार्य रहेको हुनुपर्छ ।

१९) दशकौंदेखि पूर्णत: निशस्त्रीकरणमा जोडदिई सम्बन्धित बौद्धसंघसंस्थामा प्रतिबद्ध भई रहिआएकाहरूका लागि कुनै पनि क्षेत्र/अवस्थामा शस्त्रास्त्र प्रयोग गराउनमा बाध्यकारी बनाइनु हुन्न ।

२०) धार्मिक, सामाजिक वा सार्वजनिक हितकल्याण हुने बाहेक राज्यस्तरबाट भिक्षु/लामागुरुवर्गका लागि कहिं अन्य अवस्था/व्यवस्थामा अनिवार्य गरिनु हुन्न ।

२१) बुद्धधर्ममा गृहत्यागी भिक्षु / लामागुरु / अनगारिका / आनी / भिक्षुणीहरूले नेपाली नागरिकता वा प्रमाणपत्र, नेपाली राहदानी लिंदा स्वपहिचान (दीक्षित वस्त्र) फोटोकै प्रयोग गर्न सकिने व्यवस्था हुनु पर्छ ।

२२) घर परिवार र गृहस्थ वातावरणसमेतलाई त्यागेर भिक्षुत्व ग्रहण गरी बसेकाहरूले निवास गर्ने बौद्ध विहार, गुम्बा, आश्रम, मन्दिर, बाहा:बहीको लागि विकृत अवस्था सृजना हुनगएमा बाहेक त्यस्ता ठाउँको कर (Tax) अशुल्ने नियम फुकाउनु पर्छ ।

२३) गृहत्यागी भिक्षु/लामागुरुको व्यक्तिगत नाउँमा संचित चलअचलसम्पत्ति शेषपछि निजको घरपरिवाले नाताप्रमाणित गरी हकदावी गर्न नपाउने गरी सम्बन्धित विहार, गुम्बा वा बौद्धसंस्थाको अधिनमा सर्ने व्यवस्था गर्नुपर्छ ।

२४) राज्यको प्रमुख अङ्ग मानिने व्यवस्थापिका, कार्यपालिका तथा न्यायपालिकाअन्तर्गत धर्मनिरपेक्ष राष्ट्र नेपालमा धर्मनिरपेक्षतालाई सुहाउँदो दैनिक जीवनमा विधिव्यवहार भएगरेका छन् वा छैनन् भनी अनुगमन गर्ने व्यवस्थाका लागि कुनै सम्बन्धित मन्त्रालयअन्तर्गत बौद्धहरूको प्रतिनिधित्व हुने गरी धर्म विभाग संचालन गरिनु पर्छ ।

२५) बाल्यावस्थादेखि नै स्वव्यहारमा धार्मिकता तथा नैतिकता ल्याउने उद्देश्यसहितको व्यवस्थाको लागि सरकारीस्तरबाटै व्यवहारिक शिक्षा दिलाउनका लागि नीति तर्जुमा गरी परियत्ति शिक्षालाई (बुद्धशिक्षा) पाठ्यक्रममा समायोजन गरिनु पर्ने ।

*(कार्यपत्रका केही अंश मात्र प्रस्तुत गरी शीर्षक यथावत प्रस्तुत गरिएको -सं.)*

*सन्दर्भसूची एवं पादटिप्पणी :*


१ युवा बौद्ध संघ, बौद्ध अर्घौं सदन र धर्मोदय सभा, कास्की शाखाको संयुक्त आयोजनामा "नेपालमा दिगो शान्तिका लागि बौद्ध प्रयास" विषयक पश्चिमाञ्चल क्षेत्रस्तरीय गोष्ठीका लागि तयार पारिएको, २०६५-९-११/१२ ।

२ भीमार्जुन आचार्य, संविधानसभा प्रक्रिया र अनुभवहरू, (काठमाडौं : राष्टिय शान्ति अभियान, वि.सं. २०६३), पृ.१-११ ।

३ टेक प्रसाद ढुंगाना, संविधान सभाको जिम्मेवारी, कार्यविधि र तालिका, (अन्नपूर्ण पोष्ट, २०६५ पुष ४)

